**सर्पको टोकाइबाट बचौं**

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुल प्रयोग गरौं,
- सुत्ने बेला ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्च लाइट प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ २९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 15 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८

## पदमा पत्नी र बुहारी, काम गर्ने पति र ससुरा

धर्मेन्द्र चौरसिया, पोखरिया, २८ भदौ/

पर्सा जिल्लाका स्थानीय तहमा उपप्रमुख र उपाध्यक्षमा विजयी केही महिलाहरूका पति र ससुराहरूले कार्यसम्पादन गर्दै आएका पाइएको छ ।

पोखरिया नगरपालिकाकी उपप्रमुख रूवि ठाकुर नाम मात्रको उपप्रमुख हुन् । उनको काम पति दीपक ठाकुर र ससुरा विन्ध्याञ्चल ठाकुरले गर्दै आएका छन् । उपप्रमुख न्यायिक समितिको संयोजक हुन्छन् । उनीहरूले तोकिएको मापदण्ड अनुसार मुद्दाहरू हेर्ने र निर्णय गर्ने अधिकार हुन्छ ।

न्यायिक समितिमा तीनजना कर्मचारी र एकजना कानून व्यवसायीको व्यवस्था गरिएको छ । उपप्रमुख ठाकुरले हेर्ने मुद्दाको भित्रीरूपमा फैसला पति दीपक अथवा ससुरा विन्ध्याञ्चल ठाकुरले गर्दै आएका छन् ।

नगरपालिकाका विभिन्न वडाहरूमा हुने न्यायिक समितिका बैठकहरूमा पनि पति र ससुरा उपस्थित हुने गरेका छन् । ससुरा विन्ध्याञ्चल ठाकुर एमाले पोखरियाका नगरअध्यक्ष पनि हुन् । उपप्रमुखले गर्ने बजेट निर्माणका कार्यहरूमा पनि उनकोभन्दा पति र ससुराको विशेष दखल हुने गरेको छ । कुनै पनि कागजपत्रमा पति वा ससुराले इशारा नगरेसम्म उनले हस्ताक्षर नै गर्दिनन् ।

बहुदरमाई नगरपालिकाकी उपप्रमुख सुषमा कुशवाहाले पनि पति विक्की कुशवाहा र ससुरा प्रमोद कुशवाहाको इशारामा काम गर्दै आएकी छन् । न्यायिक समिति, ठेक्कापट्टालगायत कार्यालय प्रयोजनका सबै काम पति र ससुराको निगरानीमा हुने गरेको छ ।



पोखरिया नगरपालिका । तस्वीर: फाइल

यही पाराबाट छिपहरमाई गापाकी उपाध्यक्ष लीलावती देवीले काम गर्दै आएकी छन् । उनका पति किशोरीप्रसाद कानूको इशारामा उपाध्यक्ष लीलावतीले काम गर्छिन् । पतिले भने अनुसार न्यायिक समितिमा निर्णय गर्ने, कागजपत्रमा हस्ताक्षर गर्ने जस्ता उनको दैनिक कार्यमा पतिको प्रत्यक्ष संलग्नता रहने गरेको छ । गापा उपाध्यक्षको हैसियतले आउने विभिन्न सङ्घसंस्थाहरूका कार्यक्रममा पनि पतिको सहभागिता हुने गरेको छ ।

धोबिनी गापाकी उपाध्यक्ष मञ्जुदेवी पटेलको काम पनि अघोषितरूपमा उनका पति श्याम पटेलले हेर्दै आएका छन् । उपाध्यक्ष पटेलले गर्ने कामकारबाहीमा उनका पतिको प्रत्यक्ष संलग्नता हुने गरेको छ र पतिको सङ्केत नपाएसम्म उनले कुनै पनि कागजपत्रमा हस्ताक्षर गर्दिनन् ।

कालिकामाई गापाकी उपाध्यक्ष राजपति देवीको पनि सबै कार्य उनका पति राधाकृष्ण चौरसियाले र पकाहामैनपुरकी उपाध्यक्ष सर्फुन नेशाको कामकारबाही उनका पति नसुल्लाह मियाँले हेर्दै आएका छन् भने जगरनाथपुर गापाकी उपाध्यक्ष बबिता सिंहका कामहरू पनि उनका पति सुरेन्द्र सिंहले हेर्दै आएका छन् । पतिको इशारा नपाएसम्म राजपति, सर्फुन नेशा र बबिता सिंहले कुनै पनि काम आफूखुशी गर्दैनन् ।

विन्ध्यवासिनी गापाकी उपाध्यक्ष ज्योति चौरसियाको कामकारबाहीमा उनका ससुरा लक्ष्मण चौरसियाको प्रत्यक्ष हस्तक्षेप रहँदै आएको छ । सभासमारोहमा ज्योति आफैं पुग्ने, भाषण ठोक्ने गरे पनि ठेक्कापट्टा, न्यायिक समितिका निर्णयहरूमा भने ससुराको दबाब सहनुपर्ने बाध्यता अहिले पनि कायमै छ ।

यसमध्ये केही गापा उपाध्यक्षका पतिहरूले पत्नीको मोबाइल पनि आफैंले उठाउने गरेका छन् । उपाध्यक्षलाई कल गरेर आफ्नो पीरमर्का सुनाउने, काम गराउनेहरूले पहिले पतिहरूलाई सविस्तार कुरा सुनाएपछि मात्र गापा उपाध्यक्षहरूले त्यो काम गर्ने कि नगर्ने भनेर निधो गर्छन् ।

वीरगंज महानगरमा उपप्रमुख पुरुष छन् बाँकी १३ वटा पालिकामा महिला उपाध्यक्ष छन् । महिलामध्ये पर्सागढी नपाकी उपप्रमुख पूजा चौधरी अनि पटेर्वासुगौली, जीराभवानी, सखुवाप्रसौनी, ठोरी गापाका उपाध्यक्षहरू क्रमशः ममता महतो, रेखा चौधरी र गोकुलीकुमारी रेग्मीले भने आफ्नो दायित्वका कामहरू आफैंले गर्दै आएका छन् । यसअघिका गापा उपाध्यक्षहरूको अवस्था पनि लगभग यस्तै थियो ।

## प्रहरीले सहयोग नगरेको बचतकर्ताहरूको आरोप

प्रस, वीरगंज, २८ भदौ/

दैनिक बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकहरूलाई प्रहरीले पक्राउ नगरेको सेवाग्राहीले आरोप लगाएका छन् ।



तस्वीर: फाइल

छ महीनाअगाडि वीरगंज–१० सर्राफ मार्केटमा रहेको दैनिक बचत तथा ऋण सहकारी संस्था बचतकर्ताहरूको रकम लिएर फरार भएको थियो ।

बचतकर्ताहरूको रकम लिएर फरार भएपछि दैनिक बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरी परेको थियो । १० जनाभन्दा बढीले उजूरी गरेको तर अहिलेसम्म कुनै सुनुवाइ नभएको बचतकर्ताहरूको आरोप छ ।

बहुदरमाई नगरपालिकाको बागेश्वरी तित्रौना निवासी सञ्चालक रूपेशकुमार पटेल, कोषाध्यक्ष शिवकुमार पटेलविरुद्ध उजूरी परेको र उनीहरू वीरगंजमा निर्धक्क घुमिरहेका तर प्रहरीले पक्राउ गरी कारबाई नगरेको बचतकर्ताहरूको आरोप छ ।

## राणीसती दादी महोत्सव शुरू

नितेश कर्ण, वीरगंज, २८ भदौ/

प्रत्येक वर्ष भाद्र अमावस्याका दिन मनाइने दादी राणीसती महोत्सव बिहीवारदेखि वीरगंजमा शुरू भएको छ ।



तस्वीर: प्रतीक

विशेषतः मारवाडी समुदायले मनाउने यो महोत्सवको अवसरमा मारवाडी सेवा ट्रस्टको आयोजनामा आज कलशयात्रा निकालिएको थियो ।

राणीसती अतिथि सदन वीरगंजबाट निकालिएको कलशयात्रामा सहभागीहरूले घडीअर्वा पोखरीमा जल भरेर नगरपरिक्रमा गर्दै राणीसती अतिथि सदनमा पुगेर समापन भएको थियो ।

आज राति राणीसती दादीको शृङ्गारोत्सव, चुण्डीउत्सव गरेर छपन्न भोग चढाएर भजनकीर्तन गरिने वडाध्यक्ष जयप्रकाश शाहले बताए । उनले भोलि भाद्र अमावस्याका दिन मारवाडी महिलाहरूले पूजाअर्चना गरेपछि यो महोत्सव विधिवत् समापन हुने वडाध्यक्ष शाहले बताए ।

कार्यक्रममा प्रकाश केडिया, अशोक जाटिया, नन्दकिशोर रूँगटा, अशोक तुल्स्यानलगायतको सहभागिता थियो ।

## इन्डस्ट्रियल सिलिन्डरलाई सरकारले अनुमति नदिंदा व्यवसायी मर्कामा

प्रस, परवानीपुर, २८ भदौ/

औद्योगिक मेशीन सञ्चालनको लागि चाहिने इन्डस्ट्रियल सिलिन्डरको प्रयोग नेपालमा हुने गरे तापनि नेपाल सरकारले सो सिलिन्डरको अनुमति दिएको छैन ।

निजी क्षेत्रलाई इन्डस्ट्रियल सिलिन्डरको प्रयोग र कारोबार गर्न नेपाल नापतौल तथा गुणस्तर विभागले २०७५/०४/३१ मा आयातको अनुमति दिए तापनि त्यसको प्रयोग नेपालको औद्योगिक क्षेत्रमा गर्न नेपाल आयल निगमले आधिकारिक अनुमति नदिएको नेपाल पेट्रोलियम ढुवानी व्यवसायी सङ्घका अध्यक्ष मनोज दासले बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका महासचिवसमेत रहेका दासका अनुसार पछिल्लो पाँच वर्षमा आफूहरूले केन्द्र सरकार मातहतका विभिन्न निकायलाई दबाब दिंदा पनि नेपाल सरकार र त्यस अन्तर्गतको नेपाल आयल निगमले औद्योगिक सिलिन्डरको प्रयोगलाई अनुमति दिन आलटाल गर्दै आएको आरोप लगाए ।

उनका अनुसार सरकारले अनुमति नदिए पनि नेपाल ग्याँस, कोशी ग्याँस, मनोज ग्याँसलगायत उद्योगले औद्योगिक एलपिजी सिलिन्डरको कारोबार गरि रहेको छ ।

सरकारले अनुमति दिइरहेको छैन । तर प्रयोगमा प्रतिबन्ध लगाए वीरगंजको परवानीपुरमा रहेका बहुराष्ट्रिय उद्योग ब्रिटानिया, पार्ले उद्योगहरू बन्द हुने अवस्थामा पुग्न सक्ने भएकाले नेपाल सरकारले पूर्णरूपमा औद्योगिक सिलिन्डर प्रयोगमा प्रतिबन्ध लगाउन नसकेको हो । कुनै पनि उद्योगको मेशीन सञ्चालनको लागि बिजुली, पेट्रोल, डिजेल, एफओ र एलपी ग्याँस ऊर्जाको रूपमा आवश्यक पर्छ ।

सङ्घका अध्यक्ष दासका अनुसार एलपी ग्याँसको औद्योगिक सिलिन्डर प्रयोग गर्दा उद्योगमा प्रदूषण नहुने एवं डिजेल र बिजुलीबाट उत्पादन हुने शक्तिभन्दा एलपी ग्याँसबाट उद्योगको उत्पादनका लागि चाहिने शक्ति किफायती हुने भएकोले अधिकांश उद्योगीले एलपी ग्याँस सिलिन्डरको माग गरिरहेका छन् ।

अहिले वीरगंज कोरिडोरमा मात्रै आधा दर्जनभन्दा बढी उद्योगले एलपी ग्याँसका ४५० किलो क्षमताका औद्योगिक सिलिन्डरहरू प्रयोग गरिरहेका छन् ।

अहिले एलपी ग्याँसको १४.२ किलोको सिलिन्डर रु १८९५ पर्छ, जबसम्म खान पकाउने सो सिलिन्डरको भाउ २४ सयमाथि जाँदैन, तबसम्म नेपालमा सबैभन्दा कम खर्चिलो ऊर्जाको स्रोत भने औद्योगिक सिलिन्डर नै रहेको उनले बताए । औद्योगिक सिलिन्डर प्रयोग गर्दा ऊर्जाको खर्चमा १५ प्रतिशतसम्म बचत गर्न सकिने व्यवसायीहरूको भनाइ छ । डिजेलको तुलनामा १:२० र एफको तुलनामा १:४० को अनुपातमा प्रदूषण एलपी ग्याँसबाट हुन्छ ।

औद्योगिक सिलिन्डर प्रयोग गर्न दियो भने नेपाल आयल निगमलाई घाटा हुने भएकोले निजी क्षेत्रलाई यसको बिक्री वितरण र प्रयोगको लागि अनुमति नदिइएको हो । नेपाल आयल निगमले नेपालको जगदम्बा स्टील, आरती स्टीललगायतका उद्योगमा औद्यागिक



तस्वीर: सौजन्य

सिलिन्डर बिक्री गर्दै आएको छ । निजी ग्याँस उद्योगभन्दा आयल निगमले १५ प्रतिशत बढी मूल्य लिएर औद्योगिक सिलिन्डर बेच्ने गरेको बताइएको छ ।

## सिम्रौनगढमा सत्सङ्ग गोष्ठी सम्पन्न

प्रस, सिम्रौनगढ, २८ भदौ/

बाराको सिम्रौनगढ कङ्काली मन्दिर परिसरमा बिहीवार सत्सङ्ग गोष्ठी सम्पन्न भएको छ ।



तस्वीर: प्रतीक

सनातन धर्म रक्षा मञ्चका सचिव वैकुण्ठप्रसाद जयसवालको अध्यक्षतामा भएको सत्सङ्ग गोष्ठीमा आत्मबोध, हत्या हिंसारहित, नशामुक्त, भेदभावरहित र सत्सङ्ग प्रेरित समाज निर्माण तथा स्वच्छ, चरित्रवान् र नैतिकवान् समाज निर्माणबारेमा विचार आदानप्रदान भएको थियो ।

कार्यक्रममा बाबा राजमङ्गल दास, महेन्द्र यादव, नागेन्द्र गिरी, प्रेमा चौधरीद्वारा प्रवचन र भजन प्रस्तुत गरिएको थियो ।

सनातन धर्म रक्षा मञ्च, सिम्रौनगढको आयोजनामा भएको गोष्ठीमा भक्तजनहरूको ठूलो सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**एकअर्काको मनको ढोका ढकढक्याइरहौं, ढोका न खुल्ला, भेट नहोला, कसैको उपस्थितिको अनुभूति त भइरहन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# जङ्गली जनावरको व्यवस्थापन

**हाम्रो मुलुकमा वन्यजन्तुको सङ्ख्या निरन्तर बढ्दो छ । दुर्लभ एक सिङ्गे गैंडा, रैथाने हात्ती र बाघको सङ्ख्या निरन्तर उकालो लागेको छ । बाघको सङ्ख्या वृद्धि अनुपातमा त मुलुकले विश्वमा कीर्तिमान हासिल गऱ्यो । अर्थात् हामीले जुनजुन वन्यजन्तुको गणना गर्दै आएका छौं, तिनको सङ्ख्या बढ्दो छ । हरिण, चित्तल, जरायो, घोंडगधा, बँदेल, दुम्सी, बाँदरलगायतका जङ्गली जनावरको कुनै लेखाजोखा छैन । मुलुकको कृषि भण्डार तराई–मधेस क्षेत्र हो । मधेसका किसानको कुरा गर्ने हो भने प्रायः रातहरू खेत, खलियानमा बित्छ । खेतीको बिरुवा पाकेर भित्र्याउन्जेलसम्म जनावरले दुःख दिइरहन्छ । बालीको अवस्था अनुसार दुःख दिने जनावरको जात तथा प्रकृति फरक होला तर किसानको पीडा भने एकै छ । विगतमा खेतीपातीबाट राम्रै आम्दानी कमाउने मधेस क्षेत्रका किसान, पछिल्लो समय जङ्गली जनावरकै कारण खेतीबाट विस्थापित हुने अवस्थामा पुगेका छन् । जङ्गलछेउका धेरै जमीन बाँझै रहन थालेका छन् । जङ्गली जनावरबाट किसान पीडित हुनुको मुख्य कारण वन्यजन्तु व्यवस्थापनको नीति तथा योजनाको अभाव हो । यसलाई सरकारले गम्भीरताका साथ नलिंदाको परिणामस्वरूप मानव र वन्यजन्तुबीचको द्वन्द्व चुलिएको छ । विशेषगरी तराई/मधेस र पहाडी क्षेत्रका किसानको हालका लागि सबैभन्दा ठूलो समस्या यही नै हो ।**

**सरकारले केही गर्दै नगरेको भन्ने होइन । नीति बने, कार्यक्रम भए तर द्वन्द्व न्यूनीकरणका अल्पकालीन र अवैज्ञानिक तथा अव्यावहारिक प्रयासहरू मात्रै भइरहेका छन् । राज्यको लागि जनावर चाहियो, जनता पनि चाहियो । राज्यले प्राथमिकता दिने कसलाई हो ? जनावरलाई कि मानवलाई ? भूमि तन्काएर ठूलो पार्न मिल्दैन । जङ्गल र आबादीको भाग त्यहीभित्र छ । जङ्गलतर्फ जङ्गली जनावर संरक्षित छन् भने आबादीतर्फ मानव बसोवास । जनावर बढ्यो भनेर धमाधम बस्तीलाई जङ्गल बनाउने र मानवको सङ्ख्या घटाउन सक्ने कुरा हुँदैन । मानवलाई जस्तै जनावरलाई पनि गाँस, बास र रमाउने, खेल्ने क्षेत्र चाहिन्छ । हामीसँग उपलब्ध वनजङ्गलभित्र यी सबै प्रबन्ध मिलाइदिन सक्नुपर्छ । कुन प्रजातिका जनावरको सङ्ख्या अधिकतम कतिसम्म बढाउने हो ? कतिसम्म सङ्ख्या धान्न सक्ने हामीसँग वनक्षेत्र छ र जनावरका लागि सो क्षेत्रको अधिकतम प्रयोग गर्न सकिने उपायहरू के के छन् स्पष्ट हुन जरुरी छ । हचुवाको भरमा जनावरको सङ्ख्या बढाउँदै जाने र जनावरले पुऱ्याएको क्षतिबापत राहतको नाममा केही रकम वितरण गरेर झारा टार्ने कार्यले झन द्वन्द्व निम्तिरहन्छ ।**

**ठूला देशका ठूला जङ्गलहरूमा कति जनावर छन्, त्यो हाम्रो चासोको कुरा होइन, हाम्रो जङ्गलको क्षमता कति छ ? चासो यता हुनुपर्छ । क्षमताभन्दा बढी जनावर भएपछि खाना तथा चरिचरणको अभाव हुने, उनीहरूकै बीचमा पनि भिडन्त हुने हुँदा बस्तीमा प्रवेश गर्नु स्वाभाविक हो । मधेसमा मुख्य नगदेबालीको रूपमा रहेको तरकारीखेती जङ्गली जनावरको कारण आज एकादेशको कथा बन्न लागिसकेको छ । पहाडी क्षेत्रमा पनि बाँदरको सङ्ख्या बढेर खेती लगाउन नपाएपछि बस्ती नै विस्थापित हुनुपरेको धेरै उदाहरण छन् । क्षमताभन्दा बढी जनावरलाई एक क्षेत्रबाट अर्को क्षेत्रमा स्थानान्तरण गर्न सकिन्छ । कतिपय जनावर शिकारका निम्ति खुला गरेर राष्ट्रिय आम्दानी बढाउन सकिन्छ । अब यसतर्फ राज्यले सोच्नुपर्ने बेला आइसकेको छ ।**

# फेरि चर्चामा गौर घटना

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**यत्तिकैमा फोरमका कार्यकर्तासहित हजारौंको सङ्ख्यामा स्थानीय भीडले माओवादी कार्यकर्तामाथि प्रहार गर्न थाल्यो। दुवै पक्षबाट लठ्ठी र अस्त्रको प्रयोग भयो तर पाँच हजारभन्दा बढी स्थानीय भीडसामु वाइसिएलका कार्यकर्ता किंकर्तव्यविमूढ भए ।**

करीब साढे १७ वर्ष अघि रौतहटको सदरमुकाम गौरस्थित चर्चित राइस मिल घटना एकपटक पुनः चर्चामा आएको छ। गौर घटना नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी दुवैको निम्ति घाँटीमा अड्केको हाड साबित भइरहेको छ । उक्त घटनामा माओवादीका साढे दुई दर्जन जति कार्यकर्ता मारिएका कारण माओवादी यस घटनाका दोषीमाथि कारबाईको माग गर्न बाध्य छ भने उक्त घटनामा जिम्मेवार ठहऱ्याइएका तत्कालीन मधेसी जन अधिकार फोरम र अहिलेको जनता समाजवादी पार्टी यस घटनाबाट पन्छिन जतिसुकै प्रयास गरेपनि उसले मुक्ति पाउन सकिरहेको छैन । अहिले गौर घटनामा आफू निर्दोष साबित गर्न जसपाले चारैतिर विचार गोष्ठी र सभा आयोजना गरिरहेको छ तर सङ्घीय सरकारमा सहभागी, मधेस प्रदेश सरकारको नेतृत्व गरिरहेको र समाजवादी मोर्चामा सामेल यस दलले अहिलेसम्म गौर घटनाको छिनोफानो किन लगाउन सकेन यसको जवाफ जसपासित छैन ।

गत महीना गृह मन्त्रालय र गौर हत्याकाण्ड पीडित सङ्घर्ष समितिबीच भएको ५ बुँदे सहमतिले सत्ताको तेस्रो ठूलो घटक जसपा नेपाललाई सरकारप्रति सशङ्कित बनाएको छ । सहमतिबाट त्रसित, आक्रोशित एवं अचम्भित उपेन्द्र यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेर उक्त सहमतिप्रति असन्तुष्टि व्यक्त गरेपनि उनी ढुक्क हुन सकिरहेका छैनन् र कारबाईको अदृश्य भयले उनलाई लखेटिरहेको छ। यद्यपि सरकारले गौर घटना छानबीनको औचित्य नरहेको सङ्केत दिएको छ। तर जसपा नेपालविरुद्ध कतिपय राजनीतिक दलहरूको निम्ति यो बलियो राजनीतिक अस्त्र भएकोले समय–समयमा यस मुद्दाको नवीकरण भइरहने निश्चित छ। जबकि यथार्थमा गौर घटनाका निम्ति सबै दल समान जिम्मेवार छन् ।

केही अघि मात्रै समाजवादी मोर्चा गठन भएको हो। नवगठित समाजवादी मोर्चामा जसपा नेपाल र नेकपा माओवादी केन्द्र पनि छन् । समाजवादी मोर्चामा सामेल दलहरूले मिलेर भविष्यमा एउटै राजनीतिक पार्टी बनाउने विषय पनि निकै चर्चामा आएको हो । समाजवादी मोर्चामा सामेल चारवटै राजनीतिक दलका नेताहरू वामपन्थी पृष्ठभूमिका अथवा वामपन्थी नै हुन् । वैचारिक र सैद्धान्तिक एकरूपता भएर पनि यसमा बिघ्न उत्पन्न गर्ने काम किन र कसरी भयो ? प्रधानमन्त्री अथवा नेकपा माओवादी केन्द्रको सहमतिविना गौर घटनाका दोषीमाथि कारबाईको विषय चर्चामा आउनै सक्दैन । गौर घटनाका दोषीलाई कारबाई गर्ने प्रतिबद्धता तथा प्रधानमन्त्री पुष्पकमल दाहाल एवं नेकपा माओवादी केन्द्रका नेताहरू पनि पटक–पटक व्यक्त गर्दै आएका छन् । गौर घटना पुनः चर्चामा आउनुले जसपा नेपाललाई पनि माओवादीसितको सम्बन्धबारे पुनर्विचार गर्न बाध्य पारेको हुन सक्दछ । यद्यपि जसपा भने सरकारबाट बाहिरिएर आन्दोलन गर्न सक्ने अवस्था छैन । गौर घटनामा आरोप लगाइएका व्यक्तिमध्ये प्रायः सबै रौतहटकै छन् र हाल देशका प्रायः राजनीतिक दलमा आबद्ध छन् । बरु सङ्घर्ष समितिको ब्यानरमुनि आन्दोलन गर्नेहरू नै हाल माओवादी केन्द्रमा छैनन् । घटनामा रौतहटलगायत देशका विभिन्न जिल्लाका वाइसिएल कार्यकर्ता पनि हताहत भएका थिए तसर्थ सङ्घर्ष समितिको पक्षमा उभिन नैतिकरूपले माओवादी पार्टी बाध्य छ । यस घटनालाई चर्चामा ल्याउने व्यक्ति स्वयं नेपथ्यमा छन् । सत्ताविना बाँच्न नसक्ने रोगबाट ग्रसित व्यक्ति अकारण विवादास्पद विषयलाई चर्चामा ल्याउन चाहन्छन् । गौर घटनाका दोषीमाथि कारबाई गर्न माओवादी आज बढी आक्रामक देखिएमा भोलि उसले पनि यस्तो परिस्थितिको सामना गर्न तयार रहनुपर्दछ । एक दशक लामो सशस्त्र सङ्घर्ष गरेको पार्टीले राजनीतिक भीडन्तका कारण उत्पन्न दुःखद घटनाको हिसाबकिताब गर्ने हो भने भोलिका दिनमा अस्तित्वमा आउने नयाँ सरकार पनि पुरानो विषयलाई चर्चामा ल्याउन सक्दछ। नेपाली काङ्ग्रेस र नेकपा एमालेले पनि त हतियारको राजनीतिक गरेकै हुन् ।

गौर घटना मूलतः नेकपा माओवादीको भ्रातृ सङ्गठन मधेसी राष्ट्रिय मोर्चाका दुईजना नेताबीचको व्यक्तिगत सर्वोच्चता र अहङ्कारको परिणाम हो । पार्टी अध्यक्ष पुष्पकमल दाहालप्रति आफ्नो वफादारी प्रकट गर्न र मन्त्री बन्न गौर घटना गराइएको थियो। नामको निम्ति मधेसी राष्ट्रिय मुक्ति मोर्चा भए पनि यथार्थमा उपरोक्त सङ्गठनभित्र जातीय नेताको रूपमा पहिचान बनाएका दुईजना मधेसी नेता आफ्नो वर्चस्व बढाउन सङ्गठनभित्र कोतपर्व गरिरहेका थिए ।

जनान्दोलन–२ को सफलतापश्चात् नेपालको राष्ट्रिय राजनीतिमा तत्कालीन सात दल र नेकपा माओवादी आफूलाई सबै थोक ठानिरहेका थिए । आठ दलबाहेकको उपस्थिति, अस्तित्व र महत्त्व स्विकार्न उनीहरू तयार थिएनन् । सात दलले आफ्ना विरोधीलाई तह लगाउन माओवादीका लडाकूदेखि अर्द्धसैनिक दस्ता वाइसिएल पनि प्रयोग गरिरहेका थिए । एक दशक लामो सशस्त्र सङ्घर्षपश्चात् राष्ट्रिय राजनीतिको मूलधारमा समाहित हुँदै गरेका माओवादीका कार्यकर्ताहरूमा युद्धोन्माद कायमै थियो । जबकि माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षबाट पीडित जनता भने कर्मचारी, राजनीतिकर्मी (सबै दल) र सुरक्षाकर्मी पनि माओवादीप्रति आक्रोशित थिए र प्रतिशोधको भावनाले ग्रसित थिए । प्रतिगामीको नाममा समाजमा स्वतन्त्र एवं तटस्थ बसेका जो कोहीलाई मारपिट गर्ने, अपमानित गर्ने र प्रतिगामी भनेर गाली गर्ने अभियान नै चलेको थियो। के हिमाल, के पहाड र के तराई सबैतिर वाइसिएल कार्यकर्ताको आतङ्क थियो ।

रौतहटको गौर क्षेत्र वरिपरि माओवादीको प्रभाव शून्यप्रायः थियो । अन्तरिम व्यवस्थापिका संसद्मा एकमुस्ठ सात दर्जनको सङ्ख्यामा प्रवेश पाएका माओवादीको नयाँ लक्ष्य भनेको बहुमतबाट संसद् कब्जा गर्नु थियो। रौतहटको गौर क्षेत्रमा आफ्नो प्रभाव बढाउन माओवादी निकै प्रयत्न गर्दै आएको थियो तर सफल हुन सकेको थिएन। शाही शासनमा एक वर्ष अघि भएको निर्वाचनमा गौरका नागरिकले ७० प्रतिशतभन्दा बढी मतदान गरेका र प्रायःजसो जनप्रतिनिधिले चुनावमा सहभागिता जनाएका कारण आफ्नो खस्कँदो जनाधारबाट चिन्तित सात दल गौरका स्थानीय जनतासित आक्रोशित थिए र स्थानीय निकायको निर्वाचनमा भाग लिनेहरूलाई सबक सिकाउन चाहन्थे ।

२०६३ माघ १० गते रौतहटमा आन्दोलनकारीहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति एवं नेपाली काङ्ग्रेस नेकपा, एमाले तथा माओवादीको कार्यालयमा तोडफोड गरे। यस घटनाले सात दल र माओवादीको आक्रोशलाई उत्कर्षमा पुऱ्यायो। स्थानीय भद्रभलाद्मीलाई ठेगान लगाउन सात दलले नेकपा माओवादीलाई उचाल्ने काम गऱ्यो । नेकपा माओवादीका रौतहटका एक प्रभावशाली नेताले यस अवसरलाई आफ्नो पक्षमा पार्ने योजना बनाए । माओवादीले रौतहट बाहिरका वाइसिएलका कार्यकर्ताहरू बोलाई दिनहुँ गौरमा लठीसहित जुलूस–प्रदर्शन गर्न लगायो । वाइसिएलका कार्यकर्ताहरूले गौरका तीनवटै भूतपूर्व नगरप्रमुखसहित स्थानीय भलाद्मी र प्रतिष्ठित दर्जनौं व्यक्तिलाई कुटपिट गर्ने काम गऱ्यो । वाइसिएलले त्यस घटनापछि गौरमा पनि आफ्नो प्रभाव बढाउन थाल्यो र गौरका जनतामा भय एवं त्रासको वातावरण सृजना हुन थाल्यो ।

मधेस आन्दोलनलाई साम्य पार्न अन्तरिम सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दोस्रो सम्बोधन भयो। आन्दोलनको नेतृत्वकर्ता फोरमले यसलाई सकारात्मकरूपमा लिएको विज्ञप्ति जारी गऱ्यो। फोरमका नेताको विज्ञप्तिको असर गौरको जनतामा भएन। बाहिरका मानिस आएर स्थानीय गौरवासीलाई कुटपिट गरी अपमानित गरेर लज्जित बनाएकोले आत्मसम्मान र स्वाभिमानको रक्षाका लागि माओवादीसित बदला लिनुपर्छ भन्ने आम धारणा विकसित हुँदै गयो। वाइसिएलका कार्यकर्ताहरू गौर नगरपालिकाको कार्यालय र केही अन्य ठाउँमा समेत कब्जा जमाएका थिए र बिहान–बेलुका लडाकूको पोशाकमा गौर शहरको परिक्रमा गर्दथे। यस कुराले गौर मात्रै होइन, गौर बाहिरका स्थानीयलाई पनि आक्रोशित बनाउँदै गयो । सात दल र माओवादीसित जनता दुःखी रहेको तथा नेसपा र राप्रपामाथि प्रतिगामीको आरोप लागेका कारण आम जनताको आशाको केन्द्र फोरम मात्रै थियो। यस परिवेशमा फोरमका स्थानीय नेताहरूले माओवादी विरोधी आन्दोलनको नेतृत्व लिन कुनै कन्जुस्याइँ गरेनन् ।

पार्टी नेतृत्वसित मातृकाप्रसाद यादवको सम्बन्ध त्यति राम्रो नरहेपछि मधेसी मुक्ति मोर्चामा नेतृत्वका लागि हानाथाप गर्ने प्रतिस्पर्धा नै चल्यो। फोरम नेतृत्वलाई अपमानित गरेपछि अथवा कुटपिट गरेपछि पार्टी नेतृत्वको नजीक भइन्छ र मन्त्री पनि बन्न पाइन्छ भन्ने मनसायले रौतहटका एकजना माओवादी नेताले फोरमसित प्रत्यक्ष भीडन्तलाई नै अभीष्ट बनाए ।

चैत्र ७ गते गौरको राइस मिलमा दुवै पक्षले कार्यक्रम गर्नु उचित नहुने सुझाव प्रहरी–प्रशासनले दुवै पक्षलाई दिएको थियो। यद्यपि कार्यक्रमका लागि फोरमले अग्रीम सूचना दिएको थियो । फोरमले आफ्ना नेताहरूलाई गौरको सभामा मुख्य अतिथिको रूपमा बोलाउने कार्यक्रम थियो । माओवादीतर्फबाट रौतहट बाहिरका कुनै नेता आउने सम्भावना थिएन। एउटा ठाउँ र एउटै समयमा दुवै पक्षले दुई सय मिटरको दूरीमा कार्यक्रम राख्नु भीडन्तकै तयारी थियो। माओवादी कार्यकर्ता नगरपरिक्रमा गरी मञ्चमा आइसकेका थिए। फोरमको मञ्चमा रौतहट बाहिरका केही नेता त थिए तर उपेन्द्र यादव थिएनन्। मञ्चमा रहेका फोरमका नेताहरूलाई माओवादीका कार्यकर्ताले लछारपछार गरी तल ओराल्ने काम गरेका थिए । यतिकैमा फोरमका कार्यकर्तासहित हजारौंको सङ्ख्यामा स्थानीय भीडले माओवादी कार्यकर्तामाथि प्रहार गर्न थाल्यो। दुवै पक्षबाट लठी र अस्त्रको प्रयोग भयो तर पाँच हजारभन्दा बढीको स्थानीय भीडसामु वाइसिएलका कार्यकर्ता किंकर्तव्यविमूढ भए । वाइसिएलका कार्यकर्ता पार्टी अध्यक्ष प्रचण्डको फोटोयुक्त तस्वीरको टिसर्ट लगाएका कारण जनताले उनलाई सजिलै चिन्न सक्यो। गौरको पूर्वी र पूर्वी उत्तरी क्षेत्रमा माओवादीको प्रभाव शून्य थियो। वाइसिएलका अधिकांश कार्यकर्ता पूर्व–उत्तर तिर भाग्ने प्रयास गरे र जनताको आक्रोशको शिकार भए । गौरभन्दा पश्चिम गएकाले आफ्नो ज्यान जोगाए। तात्पर्य यो कि गौर घटनामा फोरमले प्रतिक्रिया गरेको हो । रौतहटका स्थानीयसित भिड्न माओवादीले पहाडका एक दर्जन जिल्लाका वाइसिएल कार्यकर्ता जुटाउनु माओवादीको गलती थियो । बाहिरका मान्छे जतिसुकै बलियो र शक्तिशाली भए पनि स्थानीयसित भिड्न समस्या हुन्छ। गौर घटनामा माओवादीले फोरमलाई मात्रै टार्गेट गरेको थियो तर उसको सामना स्थानीय भीडसित हुन गयो । गौर घटनापश्चात् वाइसिएलको गतिविधिमा ब्रेक लाग्यो । आरोप लगाइएजस्तो बलात्कारसम्बन्धी आरोपको पुष्टि राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा छैन ।

हालै भएको सहमतिको कार्यान्वयन सजिलो छैन। समाजवादी मोर्चा कमजोर होस् भन्ने चाहना प्रधानमन्त्रीको हुन सक्दैन। प्रधानमन्त्रीसित संसद्मा सङ्ख्या बलको अभाव भएका कारण पनि फोरम धम्कीयुक्त भाषा प्रयोग गर्न सक्दछ, सकिरहेको छ । नेपाली काङ्ग्रेसको समर्थनप्रति प्रधानमन्त्री बढी आशावादी रहन सक्दैनन् तसर्थ पनि यो सहमति लागू गर्न फलामको च्युरा चपाउनुपर्नेछ। गडेको मुर्दा उखेल्दै जाने हो भने अन्त्यहीन विवादको सुरुङमा धकेलिन तयार बस्नुपर्छ ।

# बुबाको मुख हेर्ने दिन : अन्धाअन्धीमा भक्तजनको घुइँचो

जलेश्वर, २८ भदौ/

कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिन बिहीवार महोत्तरीको अन्धाअन्धी स्थानमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ। लोहारपट्टी नगरपालिका–१ बगडा गाउँस्थित अन्धाअन्धी पौराणिक एवं धार्मिक महत्त्व बोकेको ठाउँ हो ।

रामायणकालमा मातापिताका अनन्य भक्त श्रवण कुमारका मातापिताले यसै स्थानमा राजा दशरथको शब्दभेदी बाण लागेर आफ्नो छोरा श्रवण कुमारको मृत्यु भएको सुनेपछि आफ्नो प्राण त्याग गरेको किंवदन्ती छ। यहाँ विगतदेखि नै मेला लाग्ने गरेको छ। बुबाको मुख हेर्ने दिन तथा आमाको मुख हेर्ने दिनमा श्रद्धालु आउने गरेको स्थानीय शम्भु यादवले बताए ।

आजका दिन यस अन्धाअन्धी स्थानमा महोत्तरी, धनुषा, सर्लाही, सिराहा, सिन्धुलीलगायत भारतका विभिन्न ठाउँबाट समेत यहाँ सर्वसाधारण आउने गरेको स्थानीय नथुनी यादवले बताए । बुबा, आमा नभएकाहरूले अन्धाअन्धी स्थानलाई आफ्ना बुबा, आमाको सम्झनाको केन्द्र बनाएका छन्।

रामायणकालमा मातापिताका अनन्य भक्त तथा परम आज्ञाकारी छोरा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## जी–२० को आर्थिक उपलब्धि: हात आयो शून्य

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**बाँकी विश्वका लागि दिल्ली सम्मेलन उपलब्धिहीन भएको छ। वातावरणीय ह्रास रोक्ने र फोसल फ्युलको प्रयोग घटाउनेबारे ठोस निर्णय यो सम्मेलनले पूरा गर्न सकेन। 'गयौं, हात मिलायौं, खायौं–पियौं, आआफ्नो बाटो लाग्यौं' जी–२० को दिल्ली सम्मेलन यस्तै भएको छ।**

एउटा साझा बजार (युरोपियन युनियन) र उन्नाइस देशहरूको समूह, जी–२० को शिखर सम्मेलन हालै भारतको राजधानी दिल्लीमा सम्पन्न भएको छ। सेप्टेम्बर ९ देखि १० सम्म चलेको यो सम्मेलनले विश्व अर्थ व्यवस्थामा सुधारका लागि खास कुनै निर्णय नगरे पनि, उपलब्धिविहीन भए पनि, भारतको लागि, प्रधानमन्त्री नरेन्द्र मोदीको लागि भने निकै उपलब्धिपूर्ण भएको छ। तर त्यो ठूलो उपलब्धि आर्थिक क्षेत्रमा होइन, राजनीतिक क्षेत्रमा भएको छ।

यो सम्मेलनको माध्यमबाट भारतको तर्फबाट प्रधानमन्त्री नरेन्द्र मोदीले सङ्केतको रूपमा होइन, प्रस्टरूपमा तीन कुरा विश्व सामु सबैले सजिलै बुझ्नेगरी राखिदिएका छन्। ती तीन कुराहरू हुन् १. अहिलेसम्म लोकले बुझ्दै आएको इन्डिया बाहिरबाट यस देशमा थोपरिएको नाम हो। जसलाई इन्डिया भन्ने गरिन्छ त्यो यथार्थमा भारत हो। यो देशको नाम भारत हो, इन्डिया होइन। २. आर्थिकरूपमा बलियो हुँदै गएको भारत राजनीतिकरूपमा पनि बलियो हुँदै गएको छ र अब भारतले विश्व राजनीतिको नेतृत्व गर्ने क्षमता राख्दछ। ३. विश्वभरमा र खासगरी दक्षिण एशियामा बढिरहेको चीनको राजनीतिक प्रभाव–विस्तारमा अंकुश लगाउन अमेरिकाले भारतसँग साझेदारी गर्नैपर्छ, नगरी हुँदैन। नगर्नुको विकल्प नै छैन। अर्थात् भारत अमेरिकाको अति भरपर्दो साझेदार एवं सहयोगी हो। दक्षिण एशियामा अमेरिकाको लागि भरपर्दो एवं शक्तिशाली मित्र केवल भारत मात्र छ।

प्रम मोदीले जी–२० सम्मेलनको अवधिभर आफ्नो परिचयको अगाडि अर्थात आफ्नो देशको नाम प्लाकार्ड (परिचय लेखिने कार्ड) मा पश्चिमी देशहरूले बुझ्ने अनुसार 'इन्डिया' लेखेका थिएनन्। प्लाकार्डमा आफ्नो देशको नाम भारत लेखेका थिए। र त्यसरी भारत लेख्नु संयोग भने थिएन। मोदीले योजनाबद्ध किसिमले भारत लेखेका थिए। मोदीले त्यसरी लेख्नुको अर्थ सबैलाई थाहा छ। त्यस्तो लेखेर मोदीले आफ्ना मतदाताहरूलाई खुशी पार्न चाहेका हुन्। यो कुरा जगजाहेर छ।

प्रस्ट त होइन, तर साङ्केतिकरूपमा प्रम मोदीले चौथो कुरा पनि भनेका छन्। यो चौथो कुरा उनले इन्डियनलाई होइन 'भारतवासी'लाई भनेका छन्। के भनेका छन् भने भारतको चौतर्फी विकास गर्ने क्षमता केवल ममा छ। अर्थात् वर्तमान भारतीय राजनीतिमा मेरो विकल्प छैन। मैले भारतको नेतृत्व राजनीतिक दाउपेंचले होइन आफ्नो विकासवादी–प्रकृतिले गर्दा गरेको हो। ममा अद्वितीय नेतृत्व क्षमता छ। भारतको आर्थिक विकास र हिन्दुत्वको रक्षा एवं विस्तार केवल मबाट हुन्छ। अन्य राजनीतिक दल र तिनका नेताहरूबाट हुँदैन। मैले जो गरें त्यो अहिलेसम्म कसैले पनि गर्न सकेको छैन। भारतीय काङ्ग्रेसले त झनै गर्न सकेन।

निष्कर्षमा भन्ने हो भने दिल्लीमा सम्पन्न जी–२० सम्मेलन भारतको लगि र मुख्यगरी प्रम मोदीको लागि अति नै फाइदाजनक रह्यो। जी–२० एउटा आर्थिक सङ्गठन भए तापनि यसको दिल्ली बैठकले प्रम मोदीलाई राजनीतिक फाइदा दिलाएको छ। आर्थिकरूपमा भने दिल्ली सम्मेलन हात आयो शून्य भएको छ।

अर्जेन्टिना, अस्ट्रेलिया, ब्रजील, क्यानाडा, चीन, फ्रान्स, जर्मनी, भारत, इन्डोनेशिया, इटाली, जापान, दक्षिण कोरिया, मेक्सिको, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका, टर्की, संयुक्त अधिराज्य, संरा अमेरिका तथा युरोपियन युनियन समाविष्ट जी–२० समूहको उद्देश्य भने आर्थिक हो। पर्दा पछाडि उद्देश्य पृथक भए तापनि पर्दा अगाडिको उद्देश्य आर्थिक नै हो। विश्वका ठूला अर्थतन्त्र (राष्ट्र) हरू विश्व अर्थ व्यवस्थाको विकास र सुधारका लागि साझा सहमति खोजी गर्ने थलो हो। एक आपसमा मिलेर कार्य गर्ने ठाउँ हो।

सन् १९७३ मा जी–७ (समूह) को स्थापना हुँदा क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, जापान, संयुक्त अधिराज्य र संरा अमेरिका मात्र यस समूहका सदस्य थिए। र त्यस बेलाको विश्व अर्थ व्यवस्था पृथक थियो। चीन, भारतजस्ता नयाँ ठूला अर्थ व्यवस्थाहरूको उदय भएको थिएन।

जुन किसिमाबाट नयाँनयाँ आर्थिक महाशक्ति (ठूला अर्थ व्यवस्था) हरूको उदय भइरहेको छ सोही अनुरूप यस समूहभित्र नयाँनयाँ राष्ट्रहरू प्रवेश गर्ने क्रम जारी छ, चीन र भारतले प्रवेश गरेझैं। हालै सम्पन्न दिल्ली सम्मेलनले ५५ राष्ट्र सदस्य भएको 'अफ्रिकन युनियन' लाई स्थायी सदस्यको रूपमा जी–२० मा समावेश गरेको छ।

यो सम्मेलनबाट रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई पनि फाइदा भएको छ। र उनले अपेक्षा गरेभन्दा बढी फाइदा भएको छ। कसरी? दिल्ली सम्मेलनमा पुटिनले युक्रेनमाथि गरेको सैनिक कारबाईको विशेष चर्चा, निन्दा भएन। यो सम्मेलनले पुटिनको यो कार्यको चर्को विरोध पनि गरेन। यो सम्मेलन पुटिनको लागि पनि फाइदाजनक देखिएको छ तर केवल राजनीतिकरूपमा। आर्थिकरूपमा रूसको लागि पनि यो सम्मेलन, हात लाग्यो शून्य भएको छ।

दिल्ली सम्मेलनमा जी–२० का राष्ट्रहरूले विश्व अर्थ व्यवस्थमा सुधार ल्याउनका लागि अनेक विषयमा निर्णय गर्नुपर्ने थियो। अनेक समस्या समाधानमा साझा सहमति र प्रतिबद्धता जाहेर गर्नुपर्ने थियो। तर त्यस्तो हुन सकेन। 'क्लिन इनर्जी' उत्पादनमा जोडदिने, 'फोसिल फ्युल' को उत्पादन र प्रयोग कम गर्ने र 'कार्बन इमिशन' को मात्रा कम पार्ने विषयमा यस सम्मेलनमा कुनै ठोस निर्णय हुन सकेन। निर्णय मात्र होइन, यी विषयहरूले महत्त्वसम्म पाएनन्।

यसैगरी दिन प्रतिदिन ह्रास भइरहेको विश्व- वातावरणको रक्षा कसरी गर्ने? बढ्दो विश्व–तापक्रम कसरी घटाउने? धनी देशहरूले गरेका औद्योगिक विसर्जनबाट आर्थिक अवस्था कुप्रभावित हुन पुगेका गरीब राष्ट्रहरूलाई कसरी सहयोग गने? यस्ता गम्भीर विषयमा भने खासै ठोस निर्णय हुन सकेन।

**जी–२० ले भविष्यमा गर्ने कार्य कस्तो हुनेछ ?**

भारत–चीन, रूस–अमेरिकाजस्ता एक अर्कासँग मुख फर्काएर बसेका राष्ट्रहरू यस समूहका सदस्य भएसम्म यो समूहले आर्थिक क्षेत्रमा कुनै ठोस र सर्वपक्षीय फलदायी कार्य गर्ने सम्भावना देखिंदैन। आर्थिक क्षेत्रमा सबै सदस्य राष्ट्रहरूको समान धारणा भएर युरोपियन युनियनलाई काम गर्न सजिलो भएझैं जी–२० लाई कार्य गर्न सजिलो हुने अनुकूल स्थिति पटक्कै छैन। भारत र चीनको तथा अमेरिका र रूसको सम्बन्ध सुमधुर भएर विश्व व्यापारमा सकारात्मक असर पर्ने देखिंदैन। कल्पना गरौं, रूस र अमेरिकाले आपसी समन्ध सुमधुर नपारेर सामान्य मात्र पारे तापनि वा शत्रुतामा कमी ल्याए तापनि भारत र चीनको शत्रुतापूर्ण व्यवहारमा कमी आउने सङ्केतसम्म पनि देखिंदैन। चीन र भारत एक अर्काको स्थायी शत्रुको रूपमा स्थापित छन्। यी दुई राष्ट्रबीच सम्बन्ध सुमधुर हुने धरातल अति नै कम छ बरु शत्रुतापूर्ण हुने धरातल भने निकै फराकिलो छ। यी दुई देशबीचको सीमा विवादले यी दुई राष्ट्रहरूलाई मित्र हुन दिने छैन। आउने दशकौंसम्म यी दुई देशबीच मित्रवत् व्यवहारको सम्भावना देखिंदैन।

सार्क (South Asian Association for Regional Cooperation–SAARC) निष्क्रियझैं भएको र यसले आर्थिक क्षेत्रमा उपलब्धिमूलक कार्य गर्न नसकेको कारण पनि चीन र भारत सम्बन्ध नै हो। चीन सार्कको सदस्य नभए पनि भारतसँग शत्रुतापूर्ण व्यवहार रहेको चीनको सम्बन्ध सार्कका प्रभावशाली सदस्य पाकिस्तानसँग ज्यादै सुमधुर छ, जुन कुरा भारतलाई पचेको छैन। अर्को शब्दमा भन्ने हो भने भारतको अति प्रभावले गर्दा सार्कले केही पनि आर्थिक उपलब्धि हासिल गर्न सकेको छैन। सार्कमा भारतको वर्चस्व रहेसम्म सार्कले आर्थिक क्षेत्रमा कुनै पनि महत्त्वपूर्ण कार्य गर्न सक्ने देखिंदैन।

**जी–२० को भविष्य कस्तो हुनेछ ?**

जी–२० समूह केवल पिकनिक गर्ने अवसर वा थलो मात्र हुन पुगेको छ र भविष्यमा पनि त्यस्तै रहिरहने छ। भविष्यमा कुनै परिवर्तन हुने छाँटसम्म पनि छैन। जी–२० ले पनि सार्कको नियति बेहोर्नुपर्ने देखिन्छ। हालको समयले त्यही कुरा भन्दैछ। आफ्नो अस्तित्वलाई निरन्तरता दिन सफल भए पनि आर्थिक क्षेत्रमा चमत्कारी काम गर्न सक्ने क्षमता जी–२० मा रहेको देखिंदैन।

पछि जी–२० समूहको भविष्य जस्तो होस्, अहिलेको लागि भने यो समूहको दिल्ली सम्मेलनले मोदीलाई फाइदैफाइदा दिएको छ। मोदीलाई दुवै हातमा लड्डु भएको स्थितिमा पुऱ्याएको छ। यो सम्मेलनले मोदीको लागि, अमेरिकी राष्ट्रपति भारत आउने स्थिति सृजना गरिदिएको छ भने आगामी चुनावमा मोदीको विपक्षमा आउने प्रमको दाबेदार मोदीभन्दा निकै कमजोर हुने अवसर खडा गरिदिएको छ। अर्को चुनावमा मोदी विजयी हुने, पुनः प्रम हुने पक्का हुँदै गएको छ।

तर बाँकी विश्वका लागि दिल्ली सम्मेलन उपलब्धिहीन भएको छ। वातावरणीय ह्रास रोक्ने र फोसल फ्युलको प्रयोग घटाउनेबारे ठोस निर्णय होला भन्ने जन–अपेक्षा भने यो सम्मेलनले पूरा गर्न सकेन। 'गयौं, हात मिलायौं, खायौं–पियौं, आआफ्नो बाट लाग्यौं' जी–२० को दिल्ली सम्मेलन यस्तै भएको छ।

## सहकारी क्षेत्र सुधार कार्यदलले दियो यस्ता सुझाव

काठमाडौं, २८ भदौ/रासस

गत वैशाख २६ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार गठन भएको 'सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०'ले सहकारी क्षेत्रका समस्या पहिचान गरी समाधानको उपायसहितको प्रतिवेदन मङ्गलवार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझाएको छ। उक्त प्रतिवेदनले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन उपायका सुझावसहित प्रतिवेदन बुझाएको हो।

सुझाव कार्यदलको प्रतिवेदनले सहकारी संस्थामा एकै व्यक्ति र परिवारभित्र कुल पूँजीकोषको दश प्रतिशतभन्दा बढी कर्जाहरू केन्द्रिकृत भएको रहेछ भने त्यसलाई छ महीनाभित्र व्यवस्थापन गरिसक्न निर्देशन दिइनुपर्ने सुझाव दिएको छ। एकाघरपरिवार र नजीकका नातेदारसमेत सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र व्यवस्थापनभित्र स्वार्थ बाझिने गरिरहेको भए तीन महीनाभित्र पदबाट हट्नुपर्ने गरी नियामक निकायबाट निर्देशन गर्न सुझाव दिइएको छ। सहकारी संस्थाहरूले प्रत्यक्षरूपमा आफैंले लगानी गरेका कम्पनी, मार्ट, अपार्टमेन्टहरूलाई एक वर्षभित्र व्यवस्थापन गरी तरल सम्पत्तिमा रूपान्तरण गर्न निर्देशन दिइनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, बचत फिर्ता गर्न नसकेका सहकारी संस्थाले स्थिर सम्पत्ति बिक्री वा अन्य क्षेत्रमा भएका लगानीहरूलाई यथाशीघ्र तरल सम्पत्तिमा रूपान्तरण गरी बचतकर्ता सदस्यहरूको बचत फिर्तालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएको छ।

सहकारी संस्थाहरूले जोखिम व्यवस्थापनसम्बन्धी विस्तृत कार्ययोजना बनाइ आफ्नो नियामक निकाय र केन्द्रीय सङ्घहरूमा जानकारी दिने व्यवस्था मिलाउन पनि प्रतिवेदनमार्फत सुझाव दिइएको छ। त्यस्तै, सहकारीका केन्द्रीय सङ्घले जिल्ला र प्रदेश सङ्घहरूसँग समन्वय गरी सदस्यहरूलाई कार्ययोजनाअनुरूप बचत फिर्ता गरे/नगरेको विषयमा सहजीकरण र अनुगमन गर्नुपर्नेछ।

"सदस्यको बचत रकम अपचलन गरेको देखिएका सहकारी संस्थाका जिम्मेवार पदाधिकारी, व्यवस्थापनमा आबद्ध जोसुकैको राहदानी रोक्का गर्ने गरी व्यवस्था गर्नुपर्छ," अध्ययन कार्यदलको प्रतिवेदनमा भनिएको छ। समानान्तर संस्थाबीच एकापसमा आर्थिक कारोबार, लेनदेन, बचत जम्मा, ऋण प्रवाहजस्ता कार्य भइरहेको भए आगामी एक वर्षभित्र राफसाफ गरिनुपर्ने सुझाव पनि कार्यदलबाट आएको छ।

सहकारी संस्थाको नियमनकारी निकायबाट निरीक्षण अनुगमन गर्ने कार्यलाई निरन्तर र सघन बनाउने, अनुगमन गरिसकेपछि संस्था जोखिमपूर्ण देखिएमा सुधारका निम्ति योजना पेश गर्न लगाइ निश्चित समय प्रदान गर्ने, सञ्चालकलाई नियामक निकायमा अनुगमनको क्रममा संस्थामा देखिएका कैफियतका विषयमा छलफल र परामर्श गरी नियमितरूपमा पृष्ठपोषण र आवश्यकताअनुरूप पुरस्कृत तथा दण्डित गर्नुपर्नेलगायतका सुझाव कार्यदलले दिएको छ।

सुझाव कार्यदलले अहिले सहकारी क्षेत्रमा समस्या देखिनुका कारण पनि खोजेको छ। "सहकारी संस्थाको सञ्चालन प्रक्रियामा सैद्धान्तिक विचलन आएको, निश्चित समुदायमा केन्द्रित रहेर संस्था सञ्चालन नगरिएको, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा व्यवस्थापनमा समेत एकाघरका व्यक्तिको संलग्नता भई सदस्यबाट सङ्कलित बचत रकमलाई घरजग्गा, अपार्टमेन्ट, डिपार्टमेन्टल स्टोर तथा विभिन्न कम्पनीमा प्रत्यक्ष लगानी गरेका कारण समस्या सिर्जना भएको हो," प्रतिवेदनमा भनिएको छ, "सहकारी संस्थामा बचतकर्तामार्फत जम्मा भएको रकमलाई केही निश्चित सदस्यले विभिन्न कम्पनी खडा गरी त्यसैमार्फत बचतको रकम परिचालन गर्दा व्यावसायिक जोखिम बढेको छ। जसका कारणले सहकारी संस्थाको वित्तीय अवस्था कमजोर हुन गई समस्या देखिएको हो।"

सहकारी संस्थाको पूँजी संरचनाको पर्याप्त व्याख्या नभएका कारण सबै प्रकृतिका सहकारीको स्रोत सदस्यकै बचत हुने गरेको छ। सम्पत्ति र दायित्व व्यवस्थापनका मूलभूत पक्षलाई ध्यान नदिई बचत रकमको परिचालन गरिंदा सम्पत्ति र दायित्वका बीचमा असन्तुलन बढेको प्रतिवेदनले औंल्याएको छ।

"बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको अधिक ऋण लगानी घरजग्गामा केन्द्रित भई ऋणको केन्द्रिकृत जोखिम बढेर जानु समस्याको प्रमुख कारक हो," प्रतिवेदनमा भनिएको छ, "कुल पूँजीकोषको अधिकतम १० प्रतिशतले हुन आउने एकल कर्जा सीमाको नीतिलाई कडाइका साथ पालना नगर्दा समस्या जटिल बनेको देखिन्छ।"

सहकारी संस्थाले आफ्नो नियमित वित्तीय अवस्थाको जाँच तथा विश्लेषण नगर्दा संस्थाको वित्तीय स्वास्थ्य कस्तो छ भनेर यकीन गर्न सकिंदैन। वित्तीय योजनाविना नै बचतको परिचालन गर्दा समस्या सिर्जना भएको प्रतिवेदनमा औंल्याइएको छ।

"सहकारी संस्थाहरूको ऋण अत्यधिकरूपमा अनुत्पादक क्षेत्रमा प्रवाह हुनु, सदस्यको भुक्तानी क्षमताको मापन नगरी लगानी गरिंदा असुलीमा समस्या आएको हो। सहकारी संस्थाले ऋणको वर्गीकरण नगरी जोखिम कोष पर्याप्तताको विश्लेषणविना लाभांश वितरणमा मात्रै केन्द्रित रहँदा भविष्यमा हुन सक्ने वित्तीय जोखिम आकलन कमजोर हुन गएको देखिन्छ," प्रतिवेदनमा भनिएको छ, "तरलता व्यवस्थापनको रणनीति लागू नगरी तुरुन्तै भुक्तानी गर्नुपर्ने दायित्वका रकमको समेत लेखाजोखा नगरी ऋण प्रवाहमा मात्रै केन्द्रित हुँदा तरलता व्यवस्थापनमा समस्या देखिएको हो।"

सहकारी संस्थाहरूका बीच हुने समानान्तर आर्थिक कारोबारका कारण पनि कतिपय संस्थामा समस्या देखिएको छ। त्यस्तै, सहकारी संस्थाले घरजग्गाजस्ता स्थिर सम्पत्तिमा बढी लगानी गर्दा वित्तीय असन्तुलन भई सदस्यको बचत फिर्ता गर्न नसक्ने अवस्था आएको देखिन्छ।

सहकारी क्षेत्रमा देखिएको विचलनले सदस्यमा सहकारी संस्थाप्रति परेको अविश्वासको कारण बचत फिर्ता माग भइरहेको हुन सक्ने पनि प्रतिवेदनले औंल्याएको छ। यसका लागि सहकारी संस्थाका सञ्चालक समिति र व्यवस्थापनले सदस्यसँग नियमित भेटघाट, छलफल र परामर्श गर्ने र सहकारीको सूचना नियमितरूपमा प्रकाशन गरिरहनुपर्ने सुझाव दिइएको छ।

राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउत संयोजक रहेको यो सुझाव कार्यदलमा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहाल, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सहसचिव निराजन

(बाँकी पाँचौं पातामा)

## २५ मेगावाटको सेती जलविद्युत् आयोजनाको परीक्षण उत्पादन शुरू हुँदै

कास्की, २८ भदौ/रासस

माछापुच्छ्रे गाउँपालिकामा निर्माण भइरहेको २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाले आगामी मङ्सिर पहिलो सातासम्ममा परीक्षण उत्पादन शुरू गर्ने तयारी गरेको छ।

आयोजनाको हालसम्म ९५ प्रतिशत काम सम्पन्न भएको र दुई महीनाभित्रमा आयोजनाको बाँकी रहेका सम्पूर्ण काम सकिएर विद्युत् उत्पादन शुरू हुने जनाइएको छ। भिजन लुम्बिनी ऊर्जा कम्पनी प्रालिले सेती जलविद्युत् आयोजना निर्माण गरेको हो। यसको लागत रु पाँच अर्ब रहेको छ।

आयोजनाको सिभिलतर्फ हेडवर्क्सको सबै काम सकिएको छ। त्यसैगरी, पाइपलाइन जडानको काम पनि पूरा भएको छ। विद्युतगृहमा उपकरण जडानको काम भइरहेको छ। परीक्षण उत्पादन शुरू भएको १५ दिनपछि व्यावसायिक उत्पादन शुरू हुनेछ। आयोजनाको विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसिओडी)भित्रमा नै व्यावसायिक उत्पादन गर्नेगरी काम भइरहेको आयोजनाका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताए।

आयोजनाको सिभिलतर्फको सबै काम पूरा भएको र हाइड्रो मेकानिकल, इलेक्ट्रो मेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका काम अन्तिम चरणमा रहेको उनले जानकारी दिए। आयोजनाका अनुसार हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलका लागि आवश्यक सबै उपकरण तथा सामग्री निर्माणस्थलमा आइसकेकाले जडान भइरहेको छ।

प्रसारण लाइनमा रहने १४ टावरमध्येमा तीनवटाबाहेक अन्यको काम सकिएको बताइएको छ। प्रसारण लाइनको 'राइट अफ वे' क्लियर भइसकेकाले बाँकी टावर निर्माण र तार जडान गरिने आयोजनाले जनाएको छ। "मङ्सिरको पहिलो साताभित्रमा परीक्षण उत्पादन शुरू गर्नेगरी कामलाई तीव्र बनाएका छौं," अध्यक्ष पोखरेलले भने, "धेरै समय लाग्ने काम अब बाँकी छैन, सरकारी तथा निजी सबै क्षेत्रबाट प्राप्त सकारात्मक सहयोगले आयोजना सम्पन्न हुने चरणमा आइपुगेको हो।"

ड्याम, टनेल, पावरहाउस, टावर निर्माण तथा 'राइट अफ वे'लाई आयोजनाका प्रमुख र जटिल कामका रूपमा लिने गरिन्छ। यी काम अन्तिम चरणमा पुगिसकेको आयोजनाले जनाएको छ।

विसं २०७७ साउनदेखि आयोजनाको काम शुरू भएको हो। कोरोना महामारीका कारण आयोजनाको कामलाई असर गरेपछि निर्धारित समयभन्दा एक वर्ष बढी समय लागेको बताइन्छ।

माछापुच्छ्रे–२ को भराभरीमा आयोजनाको हेडवर्क्स रहेको छ।

(बाँकी चौथो पातामा)

# अर्थतन्त्रको बाधक मुद्रास्फीति

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सरकारले आफ्नो उपस्थिति र जनताको पीडाप्रति चासो नदेखाउँदा आम नागरिक सकसमा छ। बढ्दो बेरोजगारी र मुद्रास्फीतिलाई सम्बोधन गर्ने प्रभावकारी कार्ययोजना बनाउनेतर्फ कुनै पनि राजनीतिक दल गम्भीर हुन सकेका छैनन्, न कुनै प्रतिबद्धता नै व्यक्त गरेका छन्।**

सामान्यतया सर्वसाधारणले उपभोग गर्ने वस्तु तथा सेवाको औसत मूल्यस्तरमा निरन्तर हुने वृद्धि नै मुद्रास्फीति हो। तर सीमित वस्तु वा सेवाको मूल्यवृद्धि हुँदा त्यसलाई मुद्रास्फीति भनिँदैन। मूल्यस्तरमैं वृद्धि भएको अवस्थालाई मात्र मुद्रास्फीति भनिन्छ। उदाहरणका लागि केही वस्तुको मूल्य घटे पनि धेरैजसो वस्तु र सेवाको मूल्यवृद्धि भएको र त्यस्तो वृद्धि निरन्तर भइरहेको छ भने उक्त अवस्थालाई मुद्रास्फीति भनिन्छ। बजारमा मुद्राको परिमाण वृद्धिपछि वस्तु तथा सेवाको उत्पादन वा आकृति बढेन भने मुद्राको क्रयशक्ति घट्न जान्छ। त्यही घटेको अवस्थालाई मुद्रास्फीति भनिन्छ। अझ सामान्य भाषामा भन्नुपर्दा वस्तुको मूल्य बढ्नु र पैसाको क्रयशक्ति घट्नु नै मुद्रास्फीति हो। यस्तो अवस्थामा वस्तु महँगो पर्ने भएकोले थोरै सामानका लागि पनि धेरै पैसा खर्च गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। मुद्रास्फीतिको अवस्था त्यतिबेला मात्र सिर्जना हुन्छ, जतिबेला उत्पादनको तुलनामा मौद्रिक आम्दानी (प्रवाह) वृद्धिदर बढी हुन्छ। मुद्रास्फीति उच्च भएमा उपभोक्ताको क्रयक्षमतामा कमी आउने भएकोले सीमित आय भएको लगानीकर्ताले ठूलो जोखिम लिन चाहँदैन।

त्यस्तै धेरै आम्दानी भएका लगानीकर्ता पनि मुद्रास्फीतिको अवस्थामा लगानी गर्न उत्साहित हुँदैनन्। मुद्रास्फीतिको अवस्थामा मुद्राको मूल्य कम हुँदै जाने भएकोले बचत गरेको मुद्राको मूल्यमा ह्रास आउँछ। यसले मानिसहरू बचत गर्न प्रोत्साहित नहुन सक्छन्। सामान्यतया मुद्रास्फीति उच्च हुँदा ब्याजदर पनि उच्च हुन्छ र कम हुँदा ब्याजदर पनि कम हुन्छ। तसर्थ मुद्रास्फीतिको अवस्थामा लगानीकर्ता अपुग लगानीका स्रोत खोज्न वा नयाँ लगानी गर्न उत्साहित हुँदैन। विदेशी मुद्राको घट्दो सञ्चिति र बढ्दो व्यापार घाटाले नेपाली अर्थतन्त्र अहिले बिग्रँदो अवस्थामा पुगेको छ। वैदेशिक व्यापारमा देखिएको बढ्दो असन्तुलन चिन्ताको विषय बनेको छ। निर्यातको तुलनामा आयातको परिमाण अत्यधिक बढ्दा व्यापार घाटा चुलिंदो छ। व्यापार-घाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, कमजोर र जोखिमपूर्ण बन्दै जान्छ। नेपाल राष्ट्र बैंकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९-०८० मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत छ। अघिल्लो आर्थिक वर्षमा यो ६.३२ प्रतिशत थियो।

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७९-०८० मा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत रेस्टुरा तथा होटेल उप-समूहको मूल्यवृद्धि १४.४२ प्रतिशत, मरमसलाको १२.५० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १०.७० प्रतिशत, सुर्तीजन्य पदार्थको ९.८८ प्रतिशत र दुग्ध पदार्थ तथा अन्डाको ९.२३ प्रतिशत रहेको छ। यसैगरी गैरखाद्य तथा सेवा समूह अन्तर्गत यातायात उप-समूहको मूल्यवृद्धि १३.५० प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १०.१८ प्रतिशत, स्वास्थ्यको १०.०१ प्रतिशत, शिक्षाको ८.७९ प्रतिशत र घरायसी उपयोगका वस्तुहरूको ८.६५ प्रतिशत छ। साथै भारतले चामलको निकासीमा रोक लगाएसँगै मोटा चामलको मूल्य वृद्धि भएको छ। पहिले बोराको १६ सय पर्ने मोटा चामल अहिले थोक बजारमैं १८५० रुपियाँसम्म पर्छ। उपभोक्ताले खुद्रा बजारमा मोटा चामलका लागि प्रतिबोरा १९ सय रुपियाँ तिर्नुपर्छ। त्यस्तै, जीरा मसिनो चामल २५ किलोको प्रतिबोरामा २ सय रुपियाँ बढेको छ। यस अघि थोकमा प्रतिबोरा १९००-२००० पर्ने चामल अहिले २२०० रुपियाँभन्दा कममा पाइँदैन। चिउरा पनि महँगिएको छ। धुलो खुर्सानीको मूल्य पनि उसैगरी आकाशिएको छ। चिनीको मूल्य व्यापारीले प्रतिकिलो ११० रुपियाँ पुऱ्याएका छन्। खानेतेलको मूल्य पनि व्यापारीले बढाउन थालेका छन्। ५-६ महीना यता जीराको मूल्य निरन्तर बढिरहेको छ। प्रतिकिलो ५-६ सय रुपियाँमा पाइने जीरा अहिले थोक बजारमैं साढे १३ सय पुगेको छ। एक महीनामैं प्रतिकिलो अढाई सय रुपियाँ महँगिएको छ। यसरी देश आयातित वस्तुमा निर्भर हुँदा मुद्रास्फीति पनि आयात हुने देखिन्छ। यसले जनताको दैनिक जीवनमा प्रत्यक्ष प्रतिकूल प्रभाव पार्छ। त्यसैले नेपाली अर्थतन्त्रको सबैभन्दा ठूलो चुनौती नै बढ्दो बेरोजगार र मुद्रास्फीति बनेको छ। तर यसलाई कुनै पनि राजनीतिक दलले गम्भीररूपमा उठाएको देखिंदैन।

सरकारले आफ्नो उपस्थिति र जनताको पीडाप्रति चासो नदेखाउँदा आम नागरिकले सास्ती भोग्नुपरेको छ। मुलुकमा बढ्दो बेरोजगारी र मुद्रास्फीतिलाई सम्बोधन गर्ने खालका प्रभावकारी कार्ययोजना बनाउनेतर्फ कुनै पनि राजनीतिक दल गम्भीर हुन सकेका छैनन्, न कुनै प्रतिबद्धता नै व्यक्त गरेका छन्। यो नेपाली नागरिक र मुलुकका लागि अत्यन्तै दुर्भाग्यपूर्ण हो। सन् २०२३ मा बढ्दो रेमिट्यान्स प्रवाह र बढ्दो पर्यटक सङ्ख्याले नेपालले इन्धनको उच्च मूल्य र संयुक्त राज्य अमेरिकाको फेडरल रिजर्भले गरेको ब्याजदर वृद्धिका कारण हुने विश्वव्यापी मुद्रास्फीतिको सामना गर्न सक्ने सम्भावना छ। पर्यटनले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १५ प्रतिशत योगदान पुऱ्याउँछ। वास्तवमा नेपालको सबैभन्दा ठूला व्यापारिक साझेदार भारत र चीन नै हुन्। नेपालमा रेमिट्यान्स उपलब्ध गराउने वैदेशिक रोजगारमा गएका कामदारको सङ्ख्या ठूलो छ। कतारमा लगभग ६ लाख र संयुक्त अरब इमिरेट्समा लगभग ४ लाख नेपाली कामदार छन्।

तेलको उच्च मूल्यको असर नेपाललगायत सबै तेल आयातकर्ता मुलुकमा पर्ने भएकोले धेरै अर्थतन्त्र र उपभोक्ताका लागि सन् २०२३ चुनौतीपूर्ण वर्ष बन्ने निश्चित छ। तेलको मूल्य अमेरिकी डलरमा तिर्नुपर्छ। यही डलरले तेलको मूल्याङ्कन पनि गरिरहेको छ। साथै तेलको मूल्य पनि समग्रमा बढ्दै गएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले आगामी केही वर्ष मूल्यवृद्धि र अनिश्चितता रहने उल्लेख गर्दै मौद्रिक नीतिले मूल्यमा स्थिरता कायम राख्ने प्रयास गर्नुपर्ने र आर्थिक नीति जीवनयापनको लागत घटाउने किसिमको हुनुपर्ने जनाएको छ। यद्यपि यी नीतिहरू धेरै लचिलो हुन नहुनेसमेत औंल्याएको छ। हाल नेपालको बजारमा महँगीको मार थेगि नसक्नु गरी बढेको छ। चालू आर्थिक वर्षको शुरूदेखि नै महँगी सरकारको नियन्त्रणभन्दा बाहिर गएको देखिन्छ। देशमा एकैपटक दोब्बर मूल्यवृद्धि हुनु आफैंमा चिन्ताको विषय हो। महँगी बढ्नु स्वाभाविक प्रक्रिया भए पनि अस्वाभाविक किसिमको वृद्धि कुनै अर्थमा पनि उचित हुँदैन। महँगी निरन्तर बढिरहने हो भने त्यसले समाजमा विद्रोहको स्थिति निम्त्याउन सक्ने तथ्य अन्य मुलुकका घटनाक्रमले समेत देखाएका छन्। अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमा नै कठिनाइ देखिएपछि आम नागरिक विद्रोही बन्छ। यस किसिमको असहज परिस्थिति आउन नदिन सरकारले बजारलाई स्वस्थ र सन्तुलित राख्न एवं अचाक्ली मूल्यवृद्धि हुनबाट रोक्न सक्नुपर्छ।

कृषि क्षेत्रको उत्पादन बढाउन वैज्ञानिक भूमि व्यवस्थापन, पर्याप्त सिंचाइ सुविधा, मलखादको व्यवस्था, आधुनिक प्रविधि, कृषि सामग्रीको सहज उपलब्धता, अनुदान तथा सुविधा आदिमा ध्यान दिनुपर्ने देखिन्छ भने औद्योगिक क्षेत्रको उत्पादन बढाउन कर छुट, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने लगानीमैत्री वातावरण सिर्जना, अत्यावश्यक वस्तु उत्पादनका लागि आवश्यक कच्चा पदार्थ आयातलाई प्राथमिकता दिने, औद्योगिक शान्ति कायम गर्नेजस्ता विषयवस्तुमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। मुद्रास्फीतिबारे ठूलो कुरा यो हो कि यदि तपाईं किराना सामानहरूमा खर्च गर्नुहुन्छ भने झोला हल्का र घर लैजान सजिलो हुने हुनुपर्छ। त्यसैगरी जलविद्युत् निर्माणमा स्वदेशी तथा विदेशीबाट लगानी गर्ने संयन्त्र विकास गर्नुपर्ने तथा निर्माणाधीन जलविद्युत् आयोजनालाई यथाशीघ्र सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्नेतर्फ विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता छ। आन्तरिकरूपमा कृषि उत्पादन बढाउन कृषि क्षेत्रको व्यवसायीकरणमा जोड दिनाका साथै कृषिमा आश्रित अर्थतन्त्रलाई क्रमशः कृषिजन्य वस्तुमा आधारित उद्योगीकरण उन्मुख गराउन आवश्यक ऊर्जा, पूर्वाधार, विद्युत्जन्य प्रविधि, यातायात, सञ्चार आदिको विकासमा विशेष जोड दिनुपर्ने देखिन्छ। भौतिक पूर्वाधारको सुविधा नपुगेका दुर्गम क्षेत्र र बजार विकासको न्यूनता रहेका भेगमा सरकारी संयन्त्रमार्फत सहुलियतपूर्ण आपूर्ति व्यवस्था मिलाउनेतर्फ सार्वजनिक संस्थानहरूलाई सुदृढ गरी वितरण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। पेट्रोलियम पदार्थको मूल्यमा अन्तर्राष्ट्रिय बजार मूल्य अनुसार समायोजन हुने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्नाका साथै सोही अनुरूप हुने गरी ढुवानी खर्च, सार्वजनिक सवारीसाधनको भाडादर आदिमा स्वतः समायोजन हुने संयन्त्र विकास गर्नुपर्ने देखिन्छ।

मुद्रास्फीतिको प्रभाव अर्थतन्त्रका विविध पक्षमा विविध किसिमले पर्छ तर जे भए तापनि मुद्रास्फीति बढ्न थाल्नुले अर्थतन्त्रमा हानि नै गर्ने हुनाले यसको समयमैं उपचार हुन आवश्यक छ। मुद्रा प्रसारमा कमी, सरकारी कर वृद्धि, सरकारी खर्च, बजेट घाटा, घाटा पूर्ति गर्ने साधन प्रयोगमा कमी, उत्पादनमा वृद्धि, बचतमा वृद्धि र सरकारी अनुगमन एवं मूल्य नियन्त्रणजस्ता उपायबाट मुद्रास्फीति नियन्त्रण गर्न सकिन्छ भनी विज्ञहरूको भनाइ छ। हाल नेपालमा मुद्रास्फीति र मुद्रा प्रसार नियन्त्रण गर्न केन्द्रीय बैंकले उपयुक्त प्रयास गरेको र सरकारी खर्च पनि नियन्त्रण भएको सन्दर्भमा सरकारी तवरबाट बजार अनुगमन, मूल्य नियन्त्रण, संरचनात्मक सुधार, स्वदेशी उत्पादन अभिवृद्धि र आपूर्ति सुनिश्चिततातर्फ प्रभावकारी कदम चाल्ने हो भने ठूलो टेवा पुग्ने देखिन्छ। प्रत्येक वर्ष सरकारका अर्थमन्त्रीले अत्यावश्यक वस्तुहरूको मूल्य बढ्न नदिने र नियन्त्रणमा राख्ने आश्वासन दिइरहेका हुन्छन्। तर पनि व्यवहारमा लागू हुन सकेको देखिंदैन। त्यसैले उच्च दरको मूल्यवृद्धिबाट हुने नकारात्मक परिणामको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी मुद्रास्फीतिको दर विगतका वर्षयता तीव्र हुँदै जाने क्रम देखा पर्नु निश्चय पनि राम्रो होइन।

व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउन नेपालले उद्योगीकरणमा सहयोग पुग्नेगरी निर्यातमुखी उद्योगलाई आयकरमा छुट र सहुलियतलगायत प्रोत्साहन दिनुपर्छ। यसका साथै देशैभरि गुणस्तरीय शिक्षा र सीपमूलक कार्यक्रममा सहज पहुँच हुने गरी नीतिनियम बनाएर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। नेपालको व्यापार नीति सबल र समयसापेक्ष नहुनुमा एउटा मुख्य कारण हो– भ्रष्टाचार नियन्त्रणमा सरकारको उदासीनता। व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बहुआयामिक विषय हो। यसका लागि कुनै एक निकायको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी हुनैपर्दछ। सबैको साझा प्रयास र मेहनत भयो भने मात्र हाल देखिएको मुद्रास्फीति कम गरी आर्थिक विकास र समृद्धिको राष्ट्रिय सङ्कल्प पूरा गर्न सकिन्छ।



बाँध निर्माणस्थलः तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारस्थित १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको बाँध निर्माणस्थल। सो कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। तस्बिर : रासस

# महानगरपालिका प्रमुख शाह टाइम म्यागेजिनको १०० उदीयमान सूचीमा

काठमाडौं, २८ भदौ/रासस

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह विश्वप्रसिद्ध टाइम म्यागेजिनले प्रकाशन गरेको एक सय प्रभावशाली व्यक्तित्वको सूचीमा परेका छन्।

विसं २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित भएका उनलाई बुधवार सो पत्रिकाको अनलाइन संस्करणले एक सय उदीयमान नेतृत्वको सूचीमा समेटेको हो।

स्ट्रक्चरल इन्जिनीयरिङमा स्नातकोत्तर गरेका ३३ वर्षीय प्रमुख शाहले यथास्थितिमा मतदाताको भावनालाई सामाजिक सञ्जाल टिकटक, ट्विटर र इन्स्टाग्राम प्रयोग गर्दै आफ्नो पक्षमा पार्न सफल भएको पत्रिकाले उल्लेख गरेको छ।

गोरखा भूकम्पले तहसनहस गरेको काठमाडौंमा प्रमुख शाहले फोहरको राम्रो विसर्जन र सरसफाइ, सुरक्षित पिउने पानीको व्यवस्था, सफा सडक र शहरी विकासका साथसाथै सांस्कृतिक सम्पदाको



संरक्षणलगायत सरल प्रतिबद्धता र अभियान गरेर निर्वाचनमा सफल भएको पत्रिकामा जनाइएको छ।

साथै फोहरको वर्गीकरण गर्न प्रारम्भ गरेको तथा फोहर व्यवस्थापनका लागि सम्झौतामा हस्ताक्षर गरेकोसमेत पत्रिकामा उल्लेख छ। प्रमुख शाहले शहरका गैरकानूनी भवन भत्काउँदा तथा व्यवस्थापन गर्दा शहरी गरीबमा प्रभाव परेको र आलोचना भएकोसमेत जनाइएको छ। पत्रिकाले विभिन्न क्षेत्रमा एक सय उदीयमान व्यक्तित्वको सूची प्रकाशन गरेको छ।

# हेटौंडा सिमेन्ट उद्योगको उपकरण बिग्रँदा उत्पादन बन्द

मकवानपुर, २८ भदौ/रासस

हेटौंडा सिमेन्ट उद्योगको कोलमिलको उपकरण बिग्रँदा सिमेन्टको उत्पादन बिहीवार बिहानदेखि बन्द भएको छ। उद्योगको आगो बाल्ने भट्टीमा जडान गरिएको कोलमिलको उपकरण बिग्रँदा सिमेन्ट उत्पादन गर्ने क्लिङ्करको उत्पादन अवरुद्ध भएको छ।

आगामी ३-४ दिनभित्रै उक्त उपकरण मर्मत गरेर सिमेन्ट उत्पादन शुरू गर्ने तयारी भइरहेको हेटौंडा सिमेन्ट उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले बताए।

उनले उद्योगमा अहिले पर्याप्त कोइला र चुनढुङ्गा जगेडामा राखिएको जानकारी दिए। अहिले दैनिक १० हजार बोरा सिमेन्ट सो उद्योगले उत्पादन गर्दै आएको उद्योग व्यवस्थापनले जनाएको छ। उद्योगमा कोइलाको अभावले करीब दुई महीना बन्द गरेर दुई हप्ताअघि मात्रै पुनः सिमेन्ट उत्पादन शुरू गरिएकामा फेरि प्राविधिक समस्या आउँदा सिमेन्टको उत्पादन बन्द गर्नुपरेको उद्योग प्रशासन महाशाखाका अधिकृत शत्रु अर्यालले जानकरी दिए।

२५ मेगावाट ...

भराभरीस्थित सेती नदीको पानीलाई बाँध बाँधेर छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत विद्युतगृहमा खसालेर बिजुली उत्पादन हुनेछ। विद्युतगृहमा १८७ मिटर उचाइबाट पानी खसालेर १२ दशमलव पाँच मेगावाट क्षमताका दुईवटा टर्बाइनबाट बिजुली उत्पादन हुनेछ।

उत्पादित बिजुली विद्युतगृहसँगैको स्विचआर्डबाट प्रसारण लाइनमार्फत लाहाचोकमा नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको १३२ केभी क्षमताको मोदी-लेखनाथ सबस्टेशनमा जडान गर्ने योजना रहेको आयोजनाका प्रमुख इन्जिनीयर लेखनाथ पाण्डेले जानकारी दिए।

कास्की र पर्वतमा निर्माण भएका जलविद्युत् आयोजनाहरूको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहका लागि विद्युत् प्राधिकरणले नयाँ मोदी-लेखनाथ प्रसारण लाइन आयोजना हालै निर्माण गरेको हो। यसबाट विद्युत् आपूर्तिमा समेत सुधार हुने विश्वास छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२


माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# लिबिया बाढी : पाँच हजार तीन सयजनाको मृत्यु, मानवीय सहयोग आह्वान

त्रिपोली, २८ भदौ/एएफपी

लिबियामा डयानियल आँधीसँगै मुसलधारे वर्षा हुँदा दुईवटा नदीमा बाँधिएका दुईवटा बाँध भत्केपछि बाढीले




परेको मुसलधारे वर्षाले भएको भीषण बाढीका कारण ज्यान गुमाउनेको सङ्ख्या पाँच हजार तीन सय पुगेको छ। १०औं हजार बेपत्ता भएका छन् भने ५० हजारभन्दा बढी विस्थापित भएका छन्। बाढीबाट सर्वाधिक प्रभावित पूर्वी शहर डेर्नामा कम्तीमा ३० हजार लिबियाली घरवारविहीन भएका आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम)ले जनाएको छ । ९० हजार जनसङ्ख्या भएको डेर्नामा अहिले जताततै शव मात्र छरिएका र उद्धारकर्ता एवं सामाजिक सङ्घसंस्थालाई शव व्यवस्थापन ज्यादै चुनौतीपूर्ण बनेको छ ।

गत आइतवार दिउँसो आँधी आएसँगै गाउँ–शहरका भवन र तिनमा बसेका सबैलाई बगाएको थियो । बाढीको विनाशबाहेक डेर्नामा केही देखिंदैन ।

अन्तर्राष्ट्रिय मान्यताप्राप्त लिबियाको अन्तरिम सरकारले पाँच हजार तीन सयजनाले ज्यान गुमाएको बताए पनि पूर्वी क्षेत्रको सरकारका अधिकारीले आठ हजारभन्दा बढीको मृत्यु भएको बताएका छन् । सुडान र इजिप्टका चार सय विदेशीको पनि बाढीमा मृत्यु भएको छ। हालसम्म तीन हजार १९० जनाको अन्त्येष्टि गरिएको छ। भत्किएका सडक, ध्वस्त सञ्चार सञ्जाल, वर्षौंको गृहयुद्ध र जलवायु परिवर्तनका प्रभावहरूले लिबियालाई विश्वको सबैभन्दा सकसपूर्ण मानवीय सङ्कट भएको देश बनाएको छ। लिबियाका लागि अन्तर्राष्ट्रिय उद्धार समितिका देशीय निर्देशक एली अबाउओनले डेर्ना पूरै जलमग्न भएको बताएका छन्। सरकारी अधिकारीहरूले डेर्नाको पश्चिम र बेनगाजीको पूर्वमा रहेको तटीय शहर टोब्राको बाँध पनि भत्किन सक्ने चेतावनी दिंदै तटीय क्षेत्र र आसपासका बासिन्दाहरूलाई तत्काल ती स्थानबाट सुरक्षित ठाउँमा सर्न आग्रह गरेका बताएका छन् ।

निर्देशक अबाउओनका अनुसार मानवीय सहयोग मन्द गतिमा प्राप्त हुन थालेको छ। मानवीय सहायतासँगै डेर्नालाई तत्काल जनशक्ति आवश्यक परेको छ। धेरै देशले पहिले नै फिल्ड अस्पताल र अन्य सहायता सामग्री पठाइसकेका छन् । खोज र उद्धारलाई अझ तीव्र गतिमा सञ्चालन गर्न नसकिएको उल्लेख गर्दै अब जीवित मानिस फेला पार्न कठिन हुने उनी बताउँछन् । उनले अन्तर्राष्ट्रिय सहायता निकाय र विदेशी सरकारलाई गत साताको मोरक्को भूकम्पपछि सहायता परिचालन भएको गतिमा लिबियालाई सहयोग आवश्यक भएको उनले बताएका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले लिबियालाई सहयोग गर्ने घोषणा गरेका छन् भने विश्वका अन्य नेताहरूले पनि सहयोगको वाचा गरेका छन् । लिबियाका धेरै छिमेकीले उद्धार टोली र मानवीय सहायता सामग्री पठाउन थालेका छन्। रासस

# नेत्री सुचीलाई उपचार र खानाबाट वञ्चित गरिएको आरोप

बैंकक, २८ भदौ/एएफपी

म्यान्माको सैनिक सरकारले कारागारमा रहेकी प्रजातन्त्रवादी नेत्री आङ सान सुचीलाई उपचार र खानाबाट वञ्चित गरेर उनको जीवन खतरामा पारेको आरोप उनको पार्टी नेशनल लिग फर डेमोक्रेसी (एलडिसी)ले लगाएको छ।

"हामी विशेष चिन्तित छौं, किनकि उहाँले पर्याप्त चिकित्सा सेवा प्राप्त गर्नुभएको छैन। सैनिक सरकारले उहाँको जीवनलाई जोखिममा पार्ने उद्देश्यले स्वस्थ खाना वा आवास पर्याप्तरूपमा उपलब्ध गराएको छैन। उहाँको जीवनमा तलमाथि भएमा त्यसको जिम्मेवार सैनिक सरकार हुनेछ"–एलडिसीले विज्ञप्ति निकालेर भनेको छ।

हालैका दिनहरूमा स्थानीय सञ्चारमाध्यमले ७८ वर्षीया नोबेल पुरस्कार विजेता नेत्री दाँत सङ्क्रमणका कारण बेहोश हुने, बान्ता गर्नेलगायत समस्याबाट पीडित भएको र खाना खान असमर्थ रहेको जनाएका छन्।

सन् २०२१ को फेब्रुअरीमा सैन्य विद्रोहपछि सत्ताच्युत गरिएकी नेत्री सुचीलाई सोही समयदेखि हिरासतमा राखिएको छ । सैनिक शासनको विरोधसँगै म्यान्मा गृहयुद्धमा प्रवेश गरेपछि हजारौंले ज्यान गुमाएका छन्। म्यान्मामा हिंसाका घटना निरन्तर बढिरहेका छन्। गत जुलाईमा उनलाई राजधानी नेपीट जेलबाट नजरबन्दमा सारिएको थियो तर उनलाई कहाँ राखिएको छ भन्ने स्पष्ट छैन।

यस अघि उनका कान्छा छोराले पनि सैनिक हिरासतमा रहेकी आफ्नी आमालाई स्वास्थ्य सेवाबाट वञ्चित गरिएको आरोप लगाएका थिए । दाँत र गिजाको गम्भीर समस्याका कारण आफ्नी आमा केही दिनदेखि अस्वस्थ भइ खान नसक्ने अवस्थामा पुगेको उनका छोरा किम एरिसले बताएका थिए । नेत्री सुची न्यून रक्तचापबाट पनि पीडित छिन्। उनले आफ्नी बिरामी आमालाई स्वास्थ्य सेवा उपलब्ध गराउन सैन्य सरकारसमक्ष कारागारका अधिकारीहरूले गरेको अनुरोध पनि सैन्य नेतृत्वले अस्वीकार गरेको बताएका थिए।

म्यान्माका सबै राजनीतिक दलहरूको गठबन्धन निर्वासित राष्ट्रिय एकता सरकारले अन्तर्राष्ट्रिय समुदायलाई नेत्री सुचीजस्ता राजनीतिक बन्दीहरूलाई उचित उपचार सेवा उपलब्ध गराउन सैनिक शासकलाई दबाब दिन आग्रह गरेको छ। विश्वका धेरै नेताले उनको निश्शर्त रिहाइको माग गरेका छन् । साथै उनीहरूले पक्राउ गरिएका विपक्षीलगायत सबैलाई हिरासतमुक्त गर्न आह्वान गरेका छन्। रासस

# दुई किलो धूलो सुन बरामद

मुम्बई, २८ भदौ/एएनआई

सिङ्गापुरबाट आएको एक भारतीय परिवारबाट मुम्बई विमानस्थलमा रु एक करोडभन्दा बढी मूल्यको दुई किलो सुनको धूलो बरामद भएको एकजना भन्सार अधिकारीले बताएका छन्।

मुम्बई भन्सार अधिकारीका अनुसार रु एक करोड पाँच लाख २७ हजार बराबरको सुनको धूलो दम्पतीले आफ्ना भित्री वस्त्रमा र उनीहरूको तीन वर्षको बच्चाको डाइपरमा लुकाइएको सुनको धूलो बरामद भएको हो। बरामद सुनको धूलो २४ क्यारेटको हो। आज अपराह्न उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको छ । विस्तृत विवरण प्राप्त हुन बाँकी छ।

यसअघि केरलाको कोचिन अन्तर्राष्ट्रिय विमानस्थलमा भन्सार अधिकारीहरूले सात सय ग्राम सुन मलद्वारमा लेप बनाएर आएका एक यात्रीलाई पक्राउ गरेको थियो। बरामद सुनको मूल्य रु ४० लाख पर्ने बताइएको छ। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# विधिपूर्वक मनाइयो पितृ सम्मान दिवस

काठमाडौं, २८ भदौ/रासस

भाद्र कृष्ण औंसीका दिन मनाइने बुबाको मुख हेर्ने पर्व बिहीवार पिताप्रति आदरभाव प्रकट गरी मिष्ठान्न खान र राम्रा कपडा दिएर मनाइएको छ ।



चितवन, नवलपुर र तनहुँको सिमानामा पर्ने त्रिशूली र कालीगण्डकी नदीको सङ्गमस्थल देवघाट बेणीमा पितृको नाममा तर्पण तथा दान गर्न आएका भक्तजनहरू । तस्वीरः रासस

पर्वमा छोराछोरीले परम्परा अनुसार आआफ्ना बुबालाई मनपर्ने मिठाइ तथा भोजन खुवाइ आदर सम्मान प्रकट गर्दै बुबाको मुख हेरेका छन्। बुबा नहुनेहरूले भने विभिन्न पवित्र स्थानमा गई आफ्ना बुबाको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिधा दिएका छन् ।

आजको दिन विशेषगरी उत्तरगया भनेर चिनिने काठमाडौंको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर परिसरमा विशेष मेला लागेको थियो । आजको औंसीलाई गोकर्ण औंसीका नामले पनि चिनिन्छ । आज गोकर्णेश्वर परिसरमा दिवङ्गत बुबाको नाममा तर्पण, पिण्डदान तथा सिधादान गर्नेको भीड लागेको थियो । मन्दिरमा साढे तीन लाखभन्दा बढी भक्तजनको उपस्थिति रहेको अनुमान गरिएको पुजारी जगदीशचन्द्र भट्टले जानकारी दिए ।

त्यस्तै, रसुवाको वेत्रावती, देवघाटलगायत दोभान र त्रिवेणीमा पनि पितृप्रति श्रद्धा भक्तिसाथ श्राद्ध, तर्पण गर्ने भक्तजनको लर्को लागेको थियो । 'पितृदेवो भवः' भन्ने धार्मिक मान्यताअनुरूप आजका दिन छोराछोरीले आफ्ना बुबालाई श्रद्धापूर्वक रुचि अनुसारको खाना खुवाइ आशीर्वाद प्राप्त गरेमा सुख मिल्ने विश्वास छ।

आजको दिन थोरै दान गरे पनि हजारौं गुणा बढी फल पाइने भएकाले पुण्य पर्वका रूपमा पनि मानिएको पुजारी भट्टले बताए । "दान कुपात्रमा परे दिने र लिने दुवै नरक जाने शास्त्रीय भनाइ छ । अरू दान दीनदुःखीलाई दिए पनि सङ्कल्प गरेर दिने दान सुपात्रमैं दिइनुपर्छ भन्ने शास्त्रीय मान्यता छ," उनले भने।

**भित्र्याइयो कुश**

आज वैदिक सनातन धर्मावलम्बीले घरघरमा पवित्र कुश भित्र्याएर कुशे औंसी पर्व मनाएका छन् । वर्षभरि देवकार्य, पितृकार्यलगायत धार्मिक क्रियाकलापमा प्रयोग गरिने कुश आजै वैदिक मन्त्रोच्चारणपूर्वक छेदन गरी घरमा राखिन्छ।

शास्त्रोक्त विधि अनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुऱ्याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ । आजका दिन उखेलिएको कुश वर्षभरि प्रयोग गर्न सकिन्छ ।

अरू दिन उखेलिएको कुश त्यसै दिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिको अध्यक्षसमेत रहेका धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्राडा देवमणि भट्टराईले जानकारी दिए। उनका अनुसार सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीकका रूपमा मान्छन् । सृष्टिकर्ता ब्रह्माजीले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गरेको शास्त्रीय मान्यता छ।

# महिला सङ्घ बाराको कार्यसमिति विस्तार

प्रस, वीरगंज, २८ भदौ/

नेपाल महिला सङ्घ जिल्ला कार्यसमिति बारा विस्तार भएको छ।

नेपाल महिला सङ्घ बाराकी अध्यक्ष पूर्वमन्त्री कलावती देवी पासवानले बिहीवार कार्यसमिति विस्तार गरेकी हुन्।

उपाध्यक्षसहित २५ जना सदस्य रहेको कार्यसमिति विस्तार गरिएको उनले बताइन्। विस्तारित कार्यसमितिकी उपाध्यक्ष मञ्जु चौधरी, सचिव कविता यादव, कोषाध्यक्ष उषा लामा र सदस्यहरूमा चन्दा लामा, रीता चौधरी, इन्दु देवी, सुमित्रा थापा, अनीता साह, इन्दु कुशवाहा, कल्पना खरेल, इन्दुदेवी कुर्मीलगायत रहेका छन्।

नेपाल महिला सङ्घ केन्द्रीय कमिटीले पासवानलाई साउन १५ गते बारा जिल्ला अध्यक्ष मनोनयन गरेको थियो। मनोनयन भएको डेढ महीनापछि जिल्ला कार्यसमिति विस्तार गरिएको हो।

### यस्तो रह्यो नेम्वाङ ...

रोइन्। उनलाई सम्हाल्न हम्मेहम्मे परेको थियो।

स्व नेम्वाङप्रति अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेश तिमल्सिना, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, नेपाल सरकारका मन्त्रीहरू, सांसदहरू, विभिन्न राजनीतिक दलका शीर्षनेता, नेपाल सरकारका मुख्य सचिव डा वैकुण्ठ अर्याललगायत आर्यघाट गएका थिए।

नेम्वाङ विसं २००९ फागुन २८ गते इलामको सुन्तलाबारीमा जन्मिएका थिए। विसं २०४८ र २०५२ मा गरी दुईपटक राष्ट्रियसभाको सदस्य भएका नेम्वाङ २०५६ मा इलामबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । उनी २०६३ सालको पुनर्स्थापित प्रतिनिधिसभाको सभामुख बनेका थिए।

विसं २०६४ र २०७० मा भएका दुईवटा संविधानसभा निर्वाचनमा इलाम क्षेत्र नं २ बाट विजयी बनेर संविधानसभा अध्यक्ष बनी उनले संविधान निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

उपाध्यक्ष नेम्वाङ विसं २०७४ र २०७९ को प्रतिनिधिसभा सदस्यमा पनि इलाम–२ बाट निर्वाचित भएका थिए। राजनीतिक जीवनमा नेम्वाङले कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री, सामान्य प्रशासनमन्त्री र संसद्को सार्वजनिक लेखा समितिको सभापतिको जिम्मेवारीसमेत वहन गरेका थिए।

विद्यार्थीकालदेखि नै राजनीतिमा होमिएका नेम्वाङ विसं २०२९ मा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा अनेरास्ववियुबाट स्ववियु सभापति भएका थिए। राजनीतिकै क्रममा २०३३ सालमा राजकाज मुद्दामा जेल परेका उनी तत्कालीन नेकपा मालेमा सङ्गठित भएका थिए।

विसं २०५४ को छैटौं महाधिवेशनदेखि निरन्तर पार्टीको केन्द्रीय कमिटीमा रहेका नेम्वाङ २०७१ सालमा भएको नवौं महाधिवेशनपछि स्थायी कमिटी सदस्य भए भने २०७८ सालमा चितवनमा सम्पन्न दशौं महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित भएका थिए । पूर्वसभामुख नेम्वाङका पत्नी, दुई छोरा र दुई छोरी छन्।

### सहकारी क्षेत्र ...

घिमिरे, अर्थ मन्त्रालयका सहसचिव भूपाल बराल र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव आभा श्रेष्ठ कर्ण सदस्य थिए।

त्यस्तै, राष्ट्रिय योजना आयोगका सहसचिव सुशील ढकाल, नेपाल राष्ट्र बैंकका निर्देशक सत्येन्द्र तिमल्सिना, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेल, सहकारी विज्ञ तथा वित्त विश्लेषक कृष्णबहादुर उप्रेती, सहकारीविज्ञ ऋषिराज घिमिरे सदस्य थिए । सहकारी विभागका रजिस्ट्रार नमराज घिमिरे यो कार्यदलको सदस्यसचिव थिए।

### बुबाको ...

श्रवणकुमारले आफ्ना तिर्खाएका अन्धाअन्धी बुबा, आमालाई महोत्तरीको बगडास्थित यसै ठाउँमा राखेर तिर्खा मेटाउन पानी ल्याउन नजीकैको महदैया तपनपुरको कमलदहमा गएको बेला राजा दशरथको शब्दभेदी बाण लागि मृत्यु भएको र राजा दशरथले श्रवणकुमारका बुबा, आमालाई पानी खुवाउन गएको बेला आफ्ना छोरा मरेको सुनेर अन्धाअन्धी पनि यसै ठाउँमा प्राण त्याग गरेको किंवदन्ती छ।

अन्धाअन्धीले प्राण त्याग गरेको दिनदेखि नै यो स्थान अन्धाअन्धी स्थानको नामले स्थापित छ। यस स्थानमा मन्दिर बनाइएको छ । यसको संरक्षण तथा संवर्द्धन हुन नसक्दा यो पौराणिक स्थान ओझेलमा पर्दै गएको स्थानीय बताउँछन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – वाहनकष्ट |
| मिथुन – राज्यलाभ | कर्कट – धनखर्च |
| सिंह – अन्नलाभ | कन्या – व्यर्थभ्रमण |
| तुला – आरोग्यता | वृश्चिक – पदोन्नति |
| धनु – अस्वस्थता | मकर – कष्टानुभूति |
| कुम्भ – नारीसुख | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



मारवाडी सेवा ट्रस्ट वीरगंजद्वारा बिहीवार बिहान वीरगंजमा राणीसती दादीको कलश तथा शोभा यात्रा निकालिएको थियो। भाद्र मासको शुभ उपलक्ष्यमा आज बिहान वीरगंजको राणीसती धर्मशालाबाट निकालिएको शोभायात्रा तथा कलशयात्रा आदर्शनगर, घडीअर्वा पोखरी, माईस्थान हुँदै राणीसती धर्मशाला पुगेको थियो । कलशयात्रापछि मन्दिरमा राणीसती दादीको शृङ्गार उत्सव, चुण्डी उत्सव, छपन्नभोग उत्सव मनाइएको थियो। तस्वीरः नितेश कर्ण

# यस्तो रह्यो नेम्वाङको अन्तिम बिदाइ

काठमाडौं, २८ भदौ/रासस

तीन दिनअघि हृदयघातका कारणले निधन भएका संविधानसभाका अध्यक्ष तथा नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको बिहीवार बिहान ११:०० बजे अन्त्येष्टि गर्ने भनिए पनि बिहान १०:०० बजेदेखि नै पशुपति आर्यघाटमा मानिसको भीड लागेको थियो।

निर्धारित समयमा नै पशुपति आर्याघाटमा शव पुऱ्याइएको थियो । शवयात्रामा पार्टीका नेता तथा कार्यकर्ता, शुभचिन्तक सर्वसाधारणलगायत हजारौंको सहभागिता थियो। नेम्वाङको निवास, बालुवाटारबाट आर्यघाटसम्म शवयात्रा गरिएको थियो । शवयात्रा बालुवाटार, त्रिवि शिक्षण अस्पताल महाराजगंज, चाबहिल हुँदै पशुपति आर्यघाट पुगेको थियो ।



तस्वीरः रासस

शवयात्रामा रहेका सबैका अनुहारमा एक कुशल, मृदुभाषी, असल राजनीतिज्ञलाई गुमाउनुपर्दाको पीडा रहेको थियो । आर्यघाटको दुवैतिरको भागमा मानिसले जलिरहेका नेम्वाङ शवप्रति श्रद्धासुमन व्यक्त गरेका थिए । सर्वसाधारणले मोबाइलबाट फोटो, भिडियोसमेत बनाइरहेका देखिन्थ्ये ।

प्रधानमन्त्री, विभिन्न पार्टीका शीर्षनेता, मन्त्री, सांसद, उच्चपदस्थ अधिकारीले अन्तिम श्रद्धाञ्जलि व्यक्त गरेका थिए । पशुपति आर्यघाटमा नेम्वाङको पार्थिव शरीरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको राष्ट्रिय झन्डा र एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको झन्डा ओढाइ अन्तिम श्रद्धाञ्जलि अर्पण गरे ।

संविधानसभाका अध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख नेम्वाङको निधनमा नेपाल सरकारले राजकीय सम्मान प्रदान गरेको थियो । बिहीवार सरकारले उनको सम्मानमा सार्वजनिक बिदासमेत दिएको थियो । उपाध्यक्ष नेम्वाङको पार्थिव शरीरमा छोरा मिङ्सो नेम्वाङ र सुहाङ नेम्वाङले दागबत्ती दिएका थिए । त्यसक्रममा नेम्वाङप्रति सम्मान प्रकट गर्दै नेपाली सेनाको एक टुकडीले अन्तिम सलामी अर्पण गरेको थियो। अन्तिम श्रद्धाञ्जलि दिंदा नेम्वाङ पत्नी विशालनुमा नेम्वाङ भक्कानिएर

(बाँकी पाँचौं पातामा)




# खेलकूदको संसार

## प्रधानमन्त्रीद्वारा १९औं एशियाली खेलकूदमा भाग लिन जाने टोलीको बिदाइ

काठमाडौं, २८ भदौ/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १९औं एशियाली खेलकूद प्रतियोगितामा सहभागिता जनाउन जाने नेपाली टोलीलाई बिहीवार सफलताको शुभकामना दिंदै बिदाइ गरेका छन् ।

बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा आयोजित बिदाइ कार्यक्रममा उनले प्रतियोगितामा नेपाली टोलीले राम्रो खेल प्रदर्शन गर्नेमा आफू विश्वस्त रहेको बताए । प्रधानमन्त्री दाहालले यसअघि घोषणा गरिएको खेलाडीका लागि पुरस्कार रकम प्राविधिक कारणले केही ढिला भएको भन्दै भोलि बस्ने मन्त्रिपरिषद् बैठकले घोषित पुरस्कार रकम निकासा गर्ने उल्लेख गरे ।



तस्वीरः फाइल

खेलाडीलाई सफलताको शुभकामना दिंदै उनले आफूलाई जानकारी भएसम्म चीनमा खेलाडीका लागि राम्रो व्यवस्थापन भइसकेको बताए । प्रधानमन्त्री प्रचण्डले भने, "तपाईंहरूले देशको गौरव र उचाइँ बढाउनुहुनेछ भन्ने विश्वास छ, म आफूसमेत उद्घाटनमा सहभागी हुनेछु । मेरालागि पनि एशियाली खेलकूद रोमाञ्चक हुनेछ ।"

प्रधानमन्त्री प्रचण्ड अमेरिका भ्रमणपछि एशियाली खेलकूदको उद्घाटनअघि चीन पुग्ने कार्यक्रम रहेको छ । चीनको हाङझाउमा हुने १९औं एशियाली खेलकूद प्रतियोगिता यही असोज ६ देखि २१ गतेसम्म हुनेछ। उक्त प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडी तथा व्यवस्थापकलाई प्रधानमन्त्री प्रचण्डले बिदाइ गरेका हुन्। युवा तथा खेलकूदमन्त्री डिगबहादुर लिम्बूले खेलाडीलाई सफलताको शुभकामना प्रदान गरे ।

यसपटकको एशियाली खेलकूदमा नेपालका तर्फबाट २९ खेलमा २५३ खेलाडीको सहभागिता रहनेछ। जसमा १२७ महिला र १२६ पुरुष खेलाडी सहभागी छन् ।

नेपालका तर्फबाट बास्केटबलमा चार, आर्चरीमा चार, एथलेटिक्समा आठ, ब्याडमिन्टनमा आठ, बक्सिङमा १३, ब्रेकिनमा एक, क्यानोइमा एक, क्रिकेटमा १५, साइक्लिङमा दुई र ई-स्पोर्ट्समा २३ खेलाडीको सहभागिता रहनेछ ।

त्यस्तै, फेन्सिङमा छ, फूटबलमा २२, गल्फमा छ, ह्यान्डबलमा १६, जुडोमा आठ, कबड्डीमा १२, करातेमा आठ, रग्बीमा १२, सुटिङमा दुई, स्क्वासमा छ, पौडीमा चार, टेबल टेनिसमा छ, तेक्वान्दोमा ११, टेनिसमा छ, ट्रायथलनमा चार र भलिबलमा २४ खेलाडी सहभागी छन् ।

भारोत्तोलनमा पाँच, कुस्तीमा चार तथा उसुमा १२ खेलाडीको सहभागिता रहनेछ। आज भएको बिदाइ कार्यक्रममा भने विभिन्न १९ खेलका खेलाडी मात्र सहभागी थिए । बाँकी खेलका खेलाडी उपत्यकाबाहिर तथा देशबाहिर बन्द प्रशिक्षणमा रहेका छन् ।

# सडक अनुशासन उल्लङ्घन गर्ने एक लाख १७ हजार बढीलाई कारबाही

काठमाडौं २८ भदौ/रासस

चालू आर्थिक वर्षको अहिलेसम्मको अवधिमा सडक अनुशासन उल्लङ्घन गर्ने एक लाख १७ हजार ४६८ लाई कारबाही गरिएको छ ।

सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात परिषद्को बिहीवार भएको बैठकमा उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले चालू आवको हालसम्म सडक अनुशासन उल्लङ्घन गर्ने एक लाख १७ हजार ४६८ लाई कारबाही गरिएको जानकारी दिए।

उनका अनुसार आव २०७८/७९ मा पाँच लाख चार हजार ५९७ र आव २०७९/८० मा आठ लाख ९५ हजार ६१ लाई कारबाही गरिएको थियो। बैठकमा प्रवउ भट्टले एकजना ट्राफिक प्रहरीले एक दशमलव ८७ किलोमिटर सडक क्षेत्रमा करबि एक हजार ६४८ सवारीसाधन व्यवस्थापन गर्नुपरेको जानकारी दिए।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको कार्यक्षेत्रमा पर्ने यातायात व्यवस्थापनसँग सम्बन्धित कुनै पनि निर्णय गर्नुअघि प्राधिकरणसँग समन्वय गर्नुपर्ने निर्णय गरेको छ ।

प्रमुख शाहले परिषद्ले आफ्नो क्षेत्रभित्रको काम थालेको बताए । "यसअघि सङ्घीय र प्रदेश सरकार वा यातायात क्षेत्रको नियमन, व्यवस्थापन गर्ने कार्यालयले सञ्चालन गरेका वा निर्णय गरेका कामलाई सार्वजनिक लाभ र दिगोपनको विश्लेषण गरेर नियमित सञ्चालन गरिनेछ ।

विगतमा गरिएका नीतिगत निर्णयको कार्यान्वयनको अवस्था तथा कार्यान्वयन भएका नीतिको नतीजालाई कार्यक्रम सञ्चालनको आधार बनाउन सकिन्छ," उनले भने, "ऐनले प्रदान गरेका अधिकारमध्ये ९० प्रतिशत काम पालिकाले नियमित प्रक्रियाबाटै सञ्चालन गर्न सक्नेछन् ।"

बैठकले प्राधिकरणको कोष सञ्चालन सम्बन्धमा छलफल गर्दै सरकारले यातायात व्यवस्थापनका लागि यसअघि गर्दै आएको खर्च कोषमा जम्मा हुने प्रणाली विकास गर्न सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

ललितपुर महानगरपालिकाका प्रमुख एवं परिषद्का उपाध्यक्ष चिरीबाबू महर्जनले यातायात क्षेत्रको व्यवस्थापन गर्ने काममा दोहोरोपन रहेको बताए। उनले प्राधिकरण र परिषद्ले यस्ता दोहोरोपनलाई हटाउनुपर्नेमा जोड दिए ।

सङ्घीय राजधानी प्राधिकरणको कामकारबाहीलाई सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि कामपा प्रमुखको अध्यक्षतामा सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात परिषद् रहने व्यवस्था छ ।

ललितपुर महानगरपालिकाका प्रमुख परिषद्को उपाध्यक्ष र भक्तपुर नगरपालिकाका प्रमुख परिषद्को सदस्य रहने व्यवस्था छ।

### प्राधिकरणको काम, कर्तव्य र अधिकार

सार्वजनिक यातायातसम्बन्धी नीति, अल्पकालीन, दीर्घकालीन योजना र रणनीति तयार पार्ने, यात्रुमैत्री सार्वजनिक यातायातको सञ्चालन, व्यवस्थापन गर्ने, सूचना प्रविधिमा आधारित नगदविहीन (क्यासलेस) एकीकृत यातायात प्रणाली विकास गर्ने, वास्तविक समयमा आधारित सूचना प्रणाली विकास गर्ने तथा विकास गरिएका प्रणाली कार्यान्वयनमा ल्याउनु प्राधिकरणका मुख्य काम हुन् । बस बिसौनी, बिसौनीमा सार्वजनिक शौचालय निर्माण र सञ्चालन, पैदलयात्री, अपाङ्गता भएका व्यक्ति, साइकलयात्रीमैत्री सडक व्यवस्थापन प्राधिकरणका मुख्य काम हुन् ।

सार्वजनिक यातायातसँग सम्बन्धित विवरण सङ्कलन, अभिलेखन, अद्यावधिक र गुणात्मक उपयोग गर्ने, आवास क्षेत्र, व्यापारिक केन्द्र वा सपिङ मलमा यातायात सेवा उपलब्ध गराएबापत सेवा शुल्क तोक्ने, रूट निर्धारण गर्ने, निर्धारण गरिएका रूटमा एकतर्फी, दोहोरो सञ्चालन, तोकिएका सवारीसाधनलाई पूर्ण वा आंशिक निषेध गर्नेलगायत काम प्राधिकरणका मुख्य जिम्मेवारी हुन् ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

- विद्युतीय उपकरण (मोबाइल, टचणब, ल्यापटप आदि)को अधिक प्रयोगले,
- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिज्म, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले
- बालबालिकालाई विद्युतीय उपकरणको धेरै प्रयोग गर्न नदिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड